आर्थिक वर्ष २०८०।८१ को

# नीति तथा कार्यक्रम

# भरतपुर महानगरपालिका

१० आषाढ २०८०          अडिटोरिम हल,
वी पी कोइराला मेमोरिल क्यान्सर हस्पिटल, सभा हल

**भरतपुर महानगरपालिका नगरसभाको तेह्रौं अधिवेशन समुद्‌घाटन समारोहमा नगर प्रमुख श्री रेनु दाहालद्वारा प्रस्तुत**

# आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

**नेपाली जनताको लामो त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था बमोजिम गठन भएको भरतपुर महानगरपालिका नगर सभाको तेह्रौं अधिवेशनमा उपस्थित**

**नगरसभाका सदस्यज्यूहरू,**

१. पहिलो कार्यकालमा हाम्रै नेतृत्त्वको नगर कार्यपालिकाले अङ्गीकार गरेको **"मध्य नेपालको सुन्दर सहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर"** भन्ने अवधारणा एवम् दीर्घकालीन सोचलाई निरन्तरता दिई महानगरको विकास र जनताको सेवामा निरन्तर अघि बढ्ने क्रममा हामी यस ऐतिहासिक तेह्रौं नगरसभा सम्पन्न गर्न गइरहेका छौं। यस अवसरमा म मुलुकको राजनीतिक, सामाजिक परिवर्तनका लागि जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।साथै, विभिन्न समयका लोकतान्त्रिक आन्दोलन, जनयुद्ध एवं मधेश आन्दोलनका घाईते योद्धा, बेपत्ता नागरिक र तिनका परिवारप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२. व्यावसायिक कृषि, पर्यटन, दिगो पूर्वाधार विकास र आधुनिक प्रविधिको प्रयोग मार्फत् समृद्ध महानगरपालिका निर्माण गर्ने लक्ष्यका साथ आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणका माध्यमबाट सामाजिक न्यायसहित महानगरवासीको खुसी, विकास र समृद्धिको आकाङ्क्षालाई मूर्त रूप दिने हाम्रो प्रतिबद्धता अनुसार उपलब्ध स्रोतसाधनको सीमाभित्र रहेर जनताले अपेक्षा गरे अनुरुप परिवर्तन महसुस हुने गरी महत्त्वपूर्ण र रुपान्तरणकारी अधिकांश योजनाहरू सम्पन्न भइसकेका छन् भने कतिपय सम्पन्न हुने चरणमा रहेको तथ्य हामी सबैलाई जगजाहेर नै छ।

३. यसै सन्दर्भमा यस गरिमामय तेह्रौं नगरसभामा आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

४. स्थानीय सरकारको नेतृत्वको हैसियतमा हाम्रो पहलमा सङ्घ र प्रदेश सरकारको समेत समन्वय, सहजीकरण एवम् साझेदारीमा महानगरको समग्र विकासमा तत्कालीन र दीर्घकालीन महत्त्वका विभिन्न आयोजना परियोजनाहरू अघि बढेको हामी सबैलाई विदितै छ।

५. पहिलो पटक निर्वाचित भएपछि भरतपुर अस्पतालमा महिला तथा ज्येष्ठ नागरिकहरूलाई ओ.पि.डि.टिकट निःशुल्क गर्ने पहिलो निर्णय गरेर सुरु गरिएको महानगरको समृद्धिको यात्राबाट रिङ रोड र लिङ्क रोड सडक सञ्जाल विस्तार, अन्तर्राष्ट्रिय स्तरको सिटी हल निर्माण, पुल्चोक गोन्द्राङ ६ लेनको सडक, बाइपास रोड विस्तार, शारदानगर, जखडीमाई, दिव्यनगर, पार्वतीपुर, मेघौली र धनगढा खानेपानी आयोजना लगायत महत्त्वपूर्ण पूर्वाधार विकासका साथै शिक्षा, कृषि, स्वास्थ्य, सुशासन, आन्तरिक राजश्व वृद्धि लगायतका क्षेत्रमा उल्लेखनीय प्रगतिहरू हासिल भएका छन्।

६. दोस्रो कार्यकालको पद बहालीका अवसरमा गरिएका दुई निर्णयहरू सरकारी स्वास्थ्य संस्थामा जन्मने भरतपुर महानगरवासीका छोरी सन्तानको रु. १ लाखको १५ वर्ष अवधिको जीवन बीमा र खानेपानी उपभोक्ताहरूको ७ हजार लिटरसम्मको महसुल महानगरपालिकाले भुक्तानी गरिदिने सम्बन्धी निर्णय कार्यान्वयनमा ल्याइएको छ। राष्ट्रिय बीमा संस्थानसँग सम्झौता गरी **छोरीसँग मेयर** कार्यक्रम मार्फत् हालसम्म ४२५ जना छोरीको **जीवन बीमा** सम्पन्न भइसकेको

छ भने खानेपानी महसुल भुक्तानी कार्यक्रममार्फत् १० वटा खानेपानी उपभोक्ता समितिसँग सम्झौता भई १० हजार २ सय ९७ घर परिवारले यो सुविधा उपयोग गरेका छन्।

७. महानगरको पहलमा **नारायणी तटमा सि-बिच मोडल** विकासको कार्यका लागि नारायणी नदी नियन्त्रण आयोजनाबाट रु. १५ करोड ५० लाख, सघन सहरी विकास आयोजनाबाट रु. २ करोड र पर्यटन विभागबाट रु. ७ करोड गरी जम्मा रु. २४ करोड ५० लाखको निर्माण कार्य अगाडि बढिरहेको छ।

८. आम महानगरवासीको सरोकार र समस्याका रूपमा रहेको नारायणी नदीको तटबन्धको कार्य महानगरको पहलमा नेपाल सरकारबाट विभिन्न पाँच खण्डमा गरी रु. 2 अर्ब 54 करोड 50 लाखको लागतमा ठेक्का सम्झौता भई **नारायणी तटबन्ध आयोजना**मार्फत् कार्य अगाडि बढेको छ।

९. भरतपुर विमानस्थललाई स्तरोन्नति गरी आधुनिक र सुविधा सम्पन्न बनाउन विमानस्थलमा अत्याधुनिक टर्मिलन भवनको निर्माणको ठेक्का सम्झौता भई कार्य अगाडि बढिसकेको छ भने विमानस्थल विस्तार कार्य अन्तिम चरणमा पुगेको छ।

१०. महानगरको पहलमा देशकै लाईफलाइनका रूपमा रहेको पूर्वपश्चिम राजमार्गको नारायणी नदीमा नेपाल सरकारको स्रोतबाट निर्माण गर्ने गरी **सिग्रेचर ब्रिज**को टेन्डर भइसकेको छ।

११. देशकै धार्मिक तथा पर्यटकीय महत्त्वको देवघाट क्षेत्रमा व्यवस्थित बसपार्कको निर्माण कार्यको टेन्डर भई कार्य अगाडि बढेको छ।

**नगरसभाका सदस्यज्यूहरू,**

१२. दोस्रो कार्यकालको पहिलो आर्थिक वर्ष २०७९/८० मा पनि महानगरको समृद्धि र विकासका लागि सडक पूर्वाधारलाई प्राथमिकता दिंदै सामाजिक तथा आर्थिक विकासलाई पनि सँगसँगै अगाडि बढाउन कृषि, वातावरण तथा सरसफाइ, शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, दलित, सीमान्तकृत, लोपोन्मुख लगायतका क्षेत्रको सन्तुलित र दिगो विकासको अवधारणालाई आत्मसात गरिएको छ ।

१३. भरतपुर महानगरपालिकाको सुविधा सम्पन्न प्रशासनिक भवन सङ्घ, प्रदेश र महानगरको साझेदारीमा निर्माणको कार्य अगाडि बढेको छ। हालसम्म बेसमेन्टसम्मको काम सम्पन्न भइसकेको व्यहोरा यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु। साथै २६ वटा वडा कार्यालय भवन निर्माण र सुधार मार्फत् सेवा प्रवाहका निम्ति आवश्यक भौतिक पूर्वाधार तयार गरिएको छ भने बाँकी अन्य ३ वटा वडा कार्यालयका सुविधासम्पन्न भवन यसै वर्ष निर्माण सुरु गरिनेछ।

१४. पार्वतीपुर स्वास्थ्य चौकी, शुक्रनगर स्वास्थ्य चौकी, जितपुर आधारभूत स्वास्थ्य केन्द्र, राममन्दिर आधारभूत स्वास्थ्य केन्द्र, ध्रुब आधारभुत स्वास्थ्य केन्द्र, देवघाट आयुर्वेद औषधालय गरी ६ वटा स्वास्थ्य संस्थाका नयाँ भवन निर्माण भई स्वास्थ्य सेवा सुचारु भएको छ। कैलाशनगर आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न गरी संचालनको तयारीमा रहेको छ भने भिमनगर आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण अन्तिम चरणमा रहेको छ। हालसम्म १३ ओटा भवन निर्माण सम्पन्न भइसकेका छन् भने ४ ओटा भवन निर्माणाधीन रहेका छन्।

१५. चालु आ.व.को हालसम्म थप २६ कि.मि. सडक कालोपत्रे, ४.५ कि.मि. सडक मर्मत र १० कि.मि. सडक ग्राबेल गर्ने कार्य सम्पन्न भएको छ। यससँगै हालसम्म ६४८ कि.मि. सडक कालोपत्रे हुनाका साथै ४६० कि.मि. सडक ग्राबेल भएको विषय यस सभामा जानकारी गराउन चाहन्छु।

१६. महानगरको दिगो र योजनाबद्ध विकासका लागि पञ्चवर्षीय आवधिक योजना (२०७९/८०-२०८३/८४) र महानगरभित्रका सडकको चौडाई निर्धारण गर्न नगर यातायात गुरुयोजना (MTMP) तर्जुमा गरिएको छ।

१७. **हरित सडक**को अवधारणा अनुरुप बाईपास सडकको डिभाईडरमा घेराबारसहित विरुवा तथा कार्पेट ग्रास रोपण कार्यका लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयन समितिसँग

सम्झौता भई उपभोक्ता समितिमार्फत् बिरुवा रोप्ने, घेरबार लगाउने कार्य अगाडि बढाइएको छ।

१८. निजी क्षेत्रको सहकार्यमा फोहर व्यवस्थापन गरिदै आएकोमा दिगो व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारी (PPP Model) अनुसार कार्य अगाडि बढाउने गरी अध्ययनको कार्य अन्तिम चरणमा रहेको छ भने ल्यान्डफिल साइट निर्माण गर्न आवश्यक डिपिआर तयारी अवस्थामा रहेको छ।

१९. विपदबाट प्रभावित १३७ जना लाभग्राहीहरूलाई रु ३८ लाख ७५ हजार रूपैया राहतस्वरूप उपलब्ध गराइएको छ। विपद्का बखत खोज तथा उद्धारका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र ट्राफिक प्रहरीलाई आवश्यक सामाग्रीहरू उपलब्ध गराइएको छ।महानगरको वारूणमार्फत गत जेठसम्म ९५ वटा आगलागीका घटना नियन्त्रणमा लिई नागरिकको जिउ धनको सुरक्षा गरिएको छ।

२०. **मेरो फोहर, मेरो जिम्मेवारी** अभियान अन्तर्गत विभिन्न वडाका १९ टोलका करिब १५ सय जनालाई फोहरको वर्गीकरण र व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न गरिएको छ।

२१. नेपाल सरकारको भू-उपयोग ऐन तथा नियमावली बमोजिम महानगर भित्र भूमिको वर्गीकरण गर्ने कार्य सम्पन्न भएको छ।

२२. महानगरलाई सुन्दर र व्यवस्थित बसोबासयुक्त बनाउन मापदण्ड विपरित निर्मित संरचना हटाउने कार्य अगाडि बढेको छ।नारायणी किनारका सार्वजनिक जग्गामा रहेका संरचना नागरिक आफैले हटाएका छन् भने अन्य संरचना हटाउने कार्यलाई निरन्तरता दिंदै अभियानका रुपमा सार्वजनिक जग्गा र क्षेत्रको संरक्षणमा महानगरपालिका अगाडि बढिरहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

२३. विद्यालय पूर्वाधार विकास, जस्ताको छानामुनि फलसिलिङ र विद्यालय कलर कोड अनुसार रङरोगन कार्यक्रमले सामुदायिक विद्यालयको भौतिक स्वरुपमा उल्लेख्य सुधार भई बालमैत्री वातावरण सिर्जना भएको छ। जसको परिणाम स्वरुप सामुदायिक विद्यालयमा अभिभावकको आकर्षण बढ्दै गएको छ।पछिल्लो छ वर्षमा करिब ८ हजार भन्दा बढी विद्यार्थी सामुदायिक विद्यालयमा थप भएका छन्।

२४. '**एक कक्षा एक शिक्षक**' को अवधारणा कार्यान्वयन गर्न ल्याइएको **युवा स्वयम् सेवक शिक्षक** कार्यक्रम अत्यन्त उपलब्धिमूलक भएको पाइएको छ भने **बालबालिकासँग मेयर कार्यक्रम**, विषयगत शैक्षिक सामग्री, विषयगत प्रयोगशाला कार्यक्रमहरू शिक्षाको गुणस्तर सुधारका लागि महत्वपूर्ण सावित भएका छन्।

२५. संस्थागत विद्यालयसँग समन्वय गरी कक्षा ११ मा २७४ जना र १२ मा २३९ जनालाई समावेशी र योग्यता प्रणालीका आधारमा छात्रवृत्तिमा अध्ययनको व्यवस्था मिलाइएको छ।

२६. राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता, मेयर कप प्रतियोगिता लगायतका कार्यक्रमले खेल प्रतिभा पहिचान र विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्। विद्यालय तहबाटै खेल प्रतिभाको पहिचान र विकास गर्ने महत्त्वपूर्ण आधारका रूपमा रहेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सामुदायिक र संस्थागत विद्यालयको उल्लेख्य सहभागितामा सम्पन्न भएको छ।

२७. महानगरभित्र साहित्य, कला, संस्कृतिको उत्थानका लागि भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान क्रियाशील रहेको छ। भरतपुर प्रज्ञा जर्नल, महानगर साहित्य दर्पण, महानगर वाङमय कोश प्रकाशन गर्नुको साथै पाण्डुलिपिलाई प्रोत्साहन गर्दै पुस्तक प्रकाशनमा सहयोग उपलब्ध गराइएको छ।

२८. महानगरका हरेक वडामा रहेका स्वास्थ्य संस्थाबाट गुणस्तरीय आधारभुत स्वास्थ्य सेवामा महानगरवासीको पहुँच सुनिश्चित गरिएको छ। साथै नवशिशु स्वास्थ्य, बाल स्वास्थ्य र पोषण, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगहरूको रोकथाम तथा व्यवस्थापन, महामारी नियन्त्रण तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमहरू संचालन गरिएका छन्।चालु आ.व.मा ६ हजार भन्दा बढी बालबालिकालाई पूर्ण खोप दिइएको छ।

२९. महानगरपालिका भित्र विभिन्न चरणमा कोभिड १९ रोगको खोपको पहिलो,दोश्रो तथा बुस्टर र थप बुस्टर  मात्रा प्रदान गरिनुका साथै महामारीजन्य रोगहरू लगायत संक्रामक रोगहरूको निगरानी, रोकथाम, निदान, उपचार तथा व्यवस्थापनका लागि बहुनिकाय समन्वय गर्दै बृहत अन्तरक्रिया कार्यक्रम संचालन गरिएको छ। चालु आ.व.मा करिब ३० हजार मात्रा खोप सेवा प्रदान गरिएको छ ।

३०. संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनआन्दोलन ,जनयुद्ध तथा सबै प्रकारका आन्दोलनमा शहिद भएका तथा बेपत्ता पारिएका परिवारका सदस्यहरूका लागि मासिक रुपमा प्रदान गरिने **जीविकोपार्जन सहयोग तथा आर्थिक सहयाता** मार्फत् यस वर्ष ३४ जना थप गरी जम्मा ९२ परिवारलाई मासिक दुई हजारका दरले सहयोग उपलब्ध गराइएको छ।

३१. **मेयरसँग छात्रा कार्यक्रम** अन्तर्गत चालु आ. व. मा अति विपन्न किशोरीहरूलाई शिक्षामा पहुँच पुऱ्याउने गरी १२६ थान साइकल वितरण गरिएको छ भने हालसम्म महानगरबाट ६५० थान साइकल वितरण गरिएको छ ।

३२. ६५ जना मध्यम अपाङ्गता भएका व्यक्तिहरूका लागि निःशुल्क स्वास्थ्य बीमा गरिएको छ भने चालु आ.व. मा ३१७ जनालाई अपाङ्गता परिचयपत्र वितरणको कार्य सम्पन्न भएको छ। हालसम्म डिजिटाइज्ड प्रविधि मार्फत  ७४५ जना महिला र १२१४ जना पुरुष गरी १९५९ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ ।

३३. महानगरका सबै वडाहरूमा वैदेशिक रोजगारीमा संलग्न परिवारहरूको वडागत तथ्याङ्क सङ्कलनका गर्ने कार्यका लागि प्रत्येक वडामा खटिएका गणकहरू मार्फत हालसम्म २५,५९० घर परिवारको तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न भएको छ ।

३४. वडा कार्यालयबाट हुने विकास र सेवाका कार्यलाई नागरिकको नजिक लैजाने उद्देश्यले ९ वटा भुक्तानी सेवा केन्द्र स्थापना गरी योजना सम्झौता र भुक्तानी कार्यमा विकेन्द्रीकरण र सरलता प्रदान गरिएको छ। १००० वर्ग फिट प्लिन्थ एरियासम्मको घर नक्सा पास गर्ने कार्य पनि वडाबाट हुने व्यवस्था मिलाइएको छ।

३५. महानगरपालिकाको सङ्गठन संरचना र कर्मचारी दरबन्दीलाई आवश्यकता र औचित्यका आधारमा हेरफेर गर्नका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) यसै गरिमामय १३ औं नगरसभाबाट पारित गरी कार्यान्वयनमा ल्याइने जानकारी गराउन चाहन्छु।

३६. साना सिँचाइ निर्माण तथा मर्मत संभार कार्यक्रम अन्तर्गत २०० वटा आयोजनाहरू सम्झौता भै कार्य सञ्चालन भैरहेकोमा हालसम्म १०० भन्दा बढी सम्पन्न भइसकेका छन् । भूमिगत जल तथा सिँचाइ आयोजना, कृषि ज्ञान केन्द्र र महानगरबाट सञ्चालित डिप बोरिङ, स्यालो ट्युवेल तथा साना सिँचाइ कार्यक्रमको कार्यान्वयनबाट करिब ७ हजार बिगाहा जमिनमा बाह्रै महिनाका लागि सिँचाइ सुविधा उपलब्ध गराइएको छ। यसबाट कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि भई समग्र आर्थिक विकासमा टेवा पुग्ने विश्वास लिइएको छ।

३७. कृषकलाई ट्र्याक्टर, टिलर, पावर टिलर, धान कुट्ने मेसिन लगायत ८९ थान यन्त्र उपकरण अनुदानमा उपलव्ध गराइएको छ भने १० हजार कृषकहरूलाई बिउ अनुदान उपलव्ध गराइएको छ।

३८. दुधमा प्रति लिटर रु ३।- अनुदान मार्फत ११ हजार ५ सय कृषकलाई ६ करोड १२ लाख अनुदान उपलव्ध गराइएको छ। जसको सकारात्मक प्रभावले हरेक वर्ष दुध उत्पादनमा वृद्धि तथा संलग्न कृषकको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भएको छ ।

३९. निम्न आय स्तर भएका सीमान्तकृत कृषकहरूका लागि बाख्रा, बङ्गुर तथा हाँसका चल्ला वितरण गरिएको छ। यसबाट कृषकको आय वृद्धि भई जीवनयापनमा सकारात्मक प्रभाव पर्ने विश्वास लिइएको छ ।

४०. माटोको गुणस्तर सुधारका लागि हेटौडा मल तथा माटो परीक्षण प्रयोगशालाको सहयोगमा ५४७ कृषकको माटो परीक्षण गरिएको छ। कृषकहरूलाई आवश्यकता अनुसार ७५ प्रतिशत अनुदानमा कृषि चुन उपलब्ध गराउने कार्य भैरहेको छ ।
४१. राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागसँगको समन्वयमा महानगर भित्रै राष्ट्रिय परिचय पत्र एकाइ स्थापना गरी परिचय पत्रका लागि विवरण संकलन गर्ने कार्य सुरु भएको छ। यसबाट महानगरवासीले समयमै परिचय पत्र नम्बर प्राप्त गरी राहदानी लगायत सेवा प्राप्त गर्न सहज भएको छ।
४२. भरतपुर भ्रमण वर्ष सन् २०२४ लाई सूचना प्रविधिसँग जोड्न भरतपुर महानगरपालिका भित्रका ३० वटै पर्यटकीय गन्तव्यहरूको सम्पूर्ण जानकारी अग्रेजी र नेपाली भाषामा दिइने गरी मोबाइल एप्सको निर्माण गरिएको छ।
४३. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् सूचीकृत व्यक्तिहरूलाई रोजगारी दिंदै सरसफाइ, खानेपानी लाईन बिस्तार, सिचाई कुलो र नहरको मर्मत र सरसफाइ, गोरेटो बाटो निर्माण, सडक किनारमा वृक्षारोपण तथा गोडमेल कार्यक्रम सम्पन्न गरिएको छ।
४४. संस्थागत क्षमता स्व-मूल्यांकन र वित्तीय सुशासन जोखिम मूल्यांकनको कार्य अनलाइन पोर्टलमा इन्ट्री गरी नतिजा सार्वजनिकीकरण गरिएको छ।

महानगरको दूरदृष्टि, लक्ष्य र उद्देश्यमा रहेर महानगरवासीको सर्वोत्तम हितका लागि कानुनी, नीतिगत, संस्थागत र संरचनागत स्थायित्व र सुधार गर्दै नागरिकको सहज, सरल, सुलभ रुपले विकास र सेवा माथिको पहुँच र अधिकारलाई स्थापित गर्ने दृढ अठोटलाई आत्मसात गरी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम तयार गरिएको व्यहोरा यस सम्मानित नगर सभा समक्ष अनुरोध गर्दछु ।

**नगरसभाका सदस्यज्यूहरू**,
अब म आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभाको अधिवेशनमा प्रस्तुति गर्ने अनुमति चाहन्छु ।

४५. नागरिकलाई घर आँगनमा नै सरकारको महसुस हुने गरी अधिकार प्रत्यायोजन तथा विकेन्द्रीकरणको सिद्धान्त बमोजिम कम्तीमा एउटा वडास्तरीय गौरवको आयोजना सञ्चालन गर्ने गरी वडास्तरीय योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

# सहरी पूर्वाधार विकास

## सडक तथा भवन निर्माण

४६. **"व्यवस्थित पूर्वाधार, समृध्दिको आधार"** को अवधारणा बमोजिम भरतपुर महानगरपालिकालाई **समृद्ध, स्वच्छ, सफा, हरियाली युक्त र सुरक्षित महानगर**का रुपमा विकास गर्न एकीकृत सहरी विकास गुरु योजना तयार गरी व्यवस्थित, सन्तुलित र दिगो सहरी पूर्वाधारहरू निर्माणमा प्राथमिकता दिइनेछ ।
४७. महानगरपालिकाका मुख्य सहरी क्षेत्रमा सडक पिच निर्माण सँगै सतह ढल निर्माण गरिनेछ । संघीय सरकारको लगानीमा भरतपुर महानगरको मुख्य सहरी क्षेत्रमा प्रशोधनसहितको ढल निकासका लागि **खानेपानी तथा ढल व्यवस्थापन सम्बन्धी मेगा आयोजना** यसै आ.व.देखि कार्यान्वयनमा ल्याइनेछ ।

४८. **“उज्यालो भरतपुर”** कार्यक्रम अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा महानगरका मुख्य सडक तथा बजार क्षेत्रहरूमा स्मार्ट सडक बत्ती, हाई मास्ट एवम् मिनी मास्ट बत्ती जडान र विस्तारको कार्यलाई निरन्तरता दिइनेछ।

४९. **“हरित उर्जाको खपत, पेट्रोलियम पदार्थको बचत”** गर्ने नीति अनुरुप विद्युतीय सवारी साधन प्रयोग गर्न प्रोत्साहित गरिनेछ । सहज चार्जिङको व्यवस्थाका लागि भरतपुर महानगरपालिकाको केन्द्रीय बस टर्मिनलमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा चार्जिङ्ग स्टेसन सञ्चालनमा ल्याइएको छ भने वडा नं. १ को रामनगरमा नेपालकै अत्याधुनिक चार्जिङ स्टेशन निर्माण गर्नुको साथै गीतानगर, चनौली, नारायणगढ बसपार्क र महानगर परिसरमा समेत चार्जिङ्ग स्टेसन निर्माण गर्ने कार्य अगाडि बढाइनेछ। महानगरले सवारीसाधन खरिद गर्दा विद्युतीय सवारी साधन मात्र खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

५०. भरतपुर महानगरपालिकाको विद्युत प्रणालीलाई व्यवस्थित गर्न नेपाल विद्युत प्राधिकरणको सहकार्यमा ३३ के.भी.ए. क्षमताको देवनगर सबस्टेशन आ.व. २०८०/८१ मा सञ्चालनमा ल्याइनेछ । वडा नं. २१ को पार्वतीपुर र वडा नं. २६ को ज्योतिनगरमा १३२ के.भी.ए. क्षमताको सबस्टेशन निर्माणका लागि आवश्यक समन्वय गरिनेछ ।

५१. वैकल्पिक उर्जा प्रवर्धन केन्द्रको समन्वय र सहकार्यमा महानगरभित्र विद्युतीय बससहित गुणस्तरीय र सुरक्षित सार्वजनिक यातायात सेवाको प्रारम्भ गरिनेछ।

५२. GIS को प्रयोग गरी वडा सिमाना, सडक सञ्जाल एवं सडक अधिकार क्षेत्रको वर्गीकरण खुलेको महानगर यातायात गुरुयोजना (MTMP) तयार गर्ने कार्य यस आ.व. मा सम्पन्न गरी कार्यान्वयन गरिनेछ।

५३. पूर्वाधार विकासको कार्यलाई व्यवस्थित गर्न सञ्चालन गरिने सम्भावित ठूला आयोजनाहरूको **“परियोजना बैंक”** तयार गरिनेछ।

५४. संघीय सरकारका सम्बन्धित निकायहरूको सहयोग तथा समन्वयमा युटिलिटी कोरिडरको अवधारणा अनुसार महानगरपालिका क्षेत्रभित्रका विद्युत, टेलिफोन, केबुल लाइन र इन्टरनेटका तारलाई चरणबद्ध रुपमा भूमिगत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५५. सडक अधिकार क्षेत्र १६ मिटर भन्दा बढी भएका सडक निर्माण गर्दा हरियाली, फुटपाथ र साइकल लेनसहितको सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५६. देश भित्रैको स्रोतसाधनलाई प्रयोग गरी पूर्वाधार निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।सो अनुसार ६ मिटर र ६ मिटरभन्दा सानो क्षेत्राधिकार भएका सडकहरू, भिरालो र घुम्ती चोकहरूमा ढलान गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

५७. सहरी संरचनालाई विश्वव्यापी मापदण्डअनुरूपको बनाउन अपाङ्गतामैत्री र वातावरणमैत्री भौतिक संरचना निर्माण गरिनेछ।

५८. केरूङ्गा घोल, पुङ्गी खोला लगायतका खोलाहरूलाई महानगरको सतहको आकाशे पानी (Storm Water Drainage) निकासको क्षेत्र घोषणा गरी संरक्षण तथा सौन्दर्यीकरण गरिनेछ।

५९. नारायणी नदी किनारमा निर्माणाधीन **सी बिच मोडेल सहितको मनोरञ्जन पार्क**लाई व्यवस्थित गर्न र थप निर्माण कार्यलाई सम्पन्न गर्न गुरुयोजना बमोजिम संघ एवं प्रदेश सरकारसँगको साझेदारीलाई निरन्तरता दिइनेछ।

६०. आवश्यक उपकरणको व्यवस्थापन गर्दै आन्तरिक जनशक्तिको प्रयोग गरी महानगरपालिका भित्र निर्माण हुने सबै सडकमा रोड मार्किङ, जेब्रा क्रस राख्ने व्यवस्था अनिवार्य गरिने छ।

६१. सडक सुरक्षाको लागि ट्राफिक संकेत, रेलिङ, पेटी, चोक सुधार, क्याट आई, रेफ्लेक्टर र मिरर राख्ने कार्य प्राथमिकताका साथ अगाडि बढाइनेछ।

६२. महानगरको गौरवको आयोजनाको रुपमा रहेको **भरतपुर मेट्रो प्लाजा (BHARATPUR METRO PLAZA)**को निर्माण कार्यलाई अगाडि बढाउने व्यवस्था गरिनेछ। अन्य ठूला र गौरवका आयोजनाहरूलाई सार्वजनिक-निजी साझेदारी विधिबाट सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६३. संघ र प्रदेश सरकारको सहयोग र सहाकार्यमा महानगरपालिका भित्र निर्माणाधीन रिङ रोड र लिङ्क कार्य निर्माण कार्य अगाडि बढाइनेछ र सहिद चोक, हाकिमचोक र मालपोत चोकजस्ता व्यस्त चोकहरूमा आकाशे पुल निर्माण गरिनेछ।

६४.खाल्टाखुल्टी मुक्त महानगरको अभियानलाई निरन्तरता दिई महानगरपालिकामा निर्मित पूर्वाधारहरूको साना मर्मत सम्भार कार्यहरू तत्काल कार्यान्वयन गर्न पूर्वाधार एम्बुलेन्स सहितको प्राविधिक टिम बनाई परिचालन गरिनेछ।

६५.महानगरभित्र आवश्यक स्थानमा स्मार्ट सार्वजनिक शौचालयहरू निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

६६.विपी शान्ति नगरवन क्षेत्रलाई निजी क्षेत्रसँगको सहकार्यमा अन्तर्राष्ट्रिय स्तरको पर्यटकीय पूर्वाधारका रूपमा विकास गरिनेछ। अन्य सामुदायिक वनहरूलाई पनि दिगो पर्यटकीय क्षेत्रको रूपमा विकास गर्दै लगिनेछ।

६७. कल्भर्ट निर्माण र विस्तारको कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

६८. जंगली जनावरका कारण हुने मानवीय तथा बालीनालीको क्षतिलाई न्यूनीकरण गर्न फाउण्डेसन सहितको मेसजाली निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६९. भरतपुर महानगरपालिकाको आर्थिक सामाजिक रुपान्तरणका लागि अन्य क्षेत्रहरूसँगको स्थल कनेक्टिभिटीलाई प्राथमिकता दिइनेछ ।संघीय सरकारको सहयोगमा नारायणगढ पुल्चोकस्थित नारायणी नदीमा सिग्नेचर पुल समयमा निर्माण सम्पन्न गर्न आवश्यक समन्वय गरिनेछ। साथै भरतपुरलाई कावासोतीसँग जोड्न वडा नं. २६ को घोसरघाटस्थित नारायणी नदीमा र माडीसँग जोड्न वडा नं. २४ को ध्रुवघाटस्थित राप्ती नदीमा सडक पुल निर्माणका लागि संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ।

७०. महानगरको निर्माणाधीन प्रशासनिक भवनको निर्माण कार्यलाई द्रुत गतिमा अगाडि बढाइनेछ। संघीय सरकारको सहयोगमा सिटी हलको दोस्रो चरणको निर्माण कार्यका साथै पुल्चोक-गोन्द्राङ छ लेन सडक र बाइपास सडकको निर्माण कार्यलाई यसै वर्ष सम्पन्न गर्न आवश्यक समन्वय गरिनेछ ।

७१. निर्माण सामाग्री परीक्षण तथा निर्माण कार्यको गुणस्तर परीक्षण कार्यलाई सहज, छिटो छरितो, विश्वसनीय बनाउन महानगरमा रहेको निर्माण सामाग्री परीक्षण प्रयोगशालाका निम्ति आवश्यक जनशक्ति र उपकरणको प्रबन्ध गरिनेछ ।

७२. मुख्य सहरी क्षेत्रको पार्किङ व्यवस्थित बनाउन निजीक्षेत्रसँगको सहकार्यमा सशुल्क स्मार्ट पार्किङ व्यवस्थापनलाई अगाडि बढाइनेछ।

७३. सडकमा अनुचित ढङ्गबाट राखिएका निर्माण सामग्रीका कारण आवागमनमा अवरोध गर्ने र दुर्घटना हुने, महानगरपालिकाबाट निर्माण भएका सडक, फुटपाथ बिग्रने भएको हुँदा त्यस्तो गर्ने व्यक्ति तथा निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ। जरिवाना र मर्मत खर्च यकिन गरी सम्बन्धित पक्षबाट असुल उपर गर्ने नीति कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।

७४. महानगरपालिका भित्र विकास निर्माणका कार्यमा शीघ्रता, गुणस्तरीयता र विश्वसनीयता कायम गर्न सम्झौतामा तोकिएको समय अगावै कार्य सम्पन्न गर्ने निर्माण व्यावसायीलाई पुरस्कृत गरिनेछ।

७५.महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विकास आयोजनाहरूको जनसहभागिता सम्बन्धी नीतिमा एकरूपता कायम गरिनेछ। विद्यालय भवन, कल्भर्ट, सिँचाइ, खानेपानी, सामुदायिक भवन, सतह ढल, सडक ढलान, ग्राभेल लगायतका योजनाहरूमा कम्तीमा १० प्रतिशत जनसहभागिता अनिवार्य गरिनेछ भने जनसहभागिता नजुट्ने योजना बोलपत्रको माध्यमबाट कार्यान्वयन गरिनेछ। रोजगारी सिर्जना हुने र ठुला मेसिनरी औजार प्रयोग नहुने योजनाहरू मात्र उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ। ठूला मेसिनरी औजार प्रयोग हुने  सडक,

नियमित सडक मर्मत सम्भार लगायतका आयोजना बोलपत्र मार्फत् कार्यान्वयनमा ल्याइनेछ ।

७६. उपभोक्ता समिति सम्बन्धी कार्यविधि निर्माण गरी उपभोक्ता समितिमार्फत हुने निर्माण कार्यहरूमा १० लाख भन्दा बढी लागत अनुमानका योजनाहरूमा १ वर्ष त्रुटी सच्याउने अवधि (Defect Liability Period, DLP) कायम गरी ५% धरौटी काट्ने व्यवस्था गरिनेछ। साथै सम्झौतामा तोकिएको समय अगावै कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ। समयमा कार्यसम्पन्न नगरी आयोजनालाई रुग्ण बनाउने समितिका पदाधिकारीहरूलाई कम्तिमा २ वर्षसम्म अन्य कुनै पनि उपभोक्ता समितिको सदस्य हुन नपाउने कानुनी व्यवस्था गरिनेछ।

७७. भरतपुर महानगरपालिकाको वार्ड नं.११ मा ल्याण्ड फिल साइटको DPR, EIA गरी निर्माण कार्य यसै आ.व. २०८०/८१ मा सुरुवात गरिनेछ। अटोल्याण्ड निर्माणका लागि वडा नं. ३ को प्रस्तावित क्षेत्रको डिपीआर र इआइए प्रतिवेदनका आधारमा निजी क्षेत्रको सहकार्यमा कार्यान्वयन प्रकृया अघि बढाइनेछ।

७८. देशकै गौरवको आयोजनाका रूपमा रहेको निर्माणाधीन **गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला** संघ र प्रदेश सरकारसँग समन्वय गरी निर्माण कार्य अगाडि बढाइनेछ।

७९. संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा भरतपुर महानगरपालिकाको वडा नं. १५ मा **संघीय शिक्षक अस्पताल** र वडा नं. १४ मा **प्रादेशिक आयुर्वेद अस्पताल** आ.व. २०८०/८१ मा निर्माण कार्य प्रारम्भ गरिनेछ।

८०. भवन निर्माण संहितालाई कडाइका साथ कार्यान्वयन गरी सबैखाले घर टहरा निर्माण कार्यलाई नियमन गरी नक्सापासको दायरामा ल्याइनेछ। नक्सापास गरेर मात्र सेवाग्राहीलाई विद्युत, खानेपानी लगायत सेवा उपलब्ध हुने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।

८१. महानगरपालिकाले शुरु गरेको विद्युतीय नक्सापास प्रक्रियालाई पूर्ण डिजिटाइजेशन गरिनेछ। पुराना नक्सापास सम्बन्धी कागजातहरूको पनि डिजिटाइजेसन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८२. महानगरपालिकाभित्र भवन निर्माणमा संलग्न निर्माणकर्मी, प्राविधिक र घरधनीहरूलाई समयानुकुल भूकम्प प्रतिरोधी भवन निर्माण र अन्य प्राविधिक तालिम प्रदान गर्ने नीति लिइनेछ।

८३. महानगरवासीलाई सार्वजनिक सेवामा सहज, सरल र पूर्वाधारमैत्री पहुँच सुनिश्चितताका लागि भौतिक पूर्वाधार निर्माणलाई निरन्तरता दिंदै बाँकी वडा कार्यालय र स्वास्थ्य संस्थाका भवन निर्माण गरिनेछ ।

८४. भरतपुर विमानस्थलको विस्तार र आधुनिक टर्मिनल भवन निर्माण कार्यलाई द्रुत गतिमा अगाडि बढाउन आवश्यक समन्वय र पहल गरिनेछ ।

८५. नारायणी लिफ्ट सिंचाइ आयोजनालाई बाह्रै महिना सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी काम अगाडि बढाइनेछ । साथै वर्षा याममा परेको पानी सञ्चित गरी भूमिगत जल प्रणालीलाई संरक्षण गर्न मौजुदा पोखरीहरूको संरक्षण गर्दै कृत्रिम पोखरीहरू निर्माण गर्ने कार्य अगाडि बढाइनेछ।

८६. **भरतपुर भ्रमण वर्ष २०२४** लाई सफल बनाउन महानगरका मुख्य प्रवेश मार्गमा स्थानीय कला र संस्कृति झल्कने गरी प्रवेश द्वार निर्माण गर्नुका साथै पर्यटकीय स्थलहरूको सौन्दर्यीकरण गरिनेछ ।

## खानेपानी, वातावरण, सरसफाई तथा हरियाली प्रवर्धन

### खानेपानी

८७. महानगरपालिकाभित्र मासिक ७ हजार लिटरसम्म खानेपानी उपभोग गर्ने उपभोक्ताको खानेपानी महसुल महानगरपालिकाबाट भुक्तानी हुने व्यवस्थालाई निरन्तरता दिइनेछ।

८८. भरतपुर महानगरपालिकाको खानेपानी प्रणालीलाई महानगरवासीको **शत प्रतिशत** पहुँच पुऱ्याउन खानेपानी बोर्डको समन्वयमा ५० वर्षे दीर्घकालीन खानेपानी नीति तयार गरी समिति मातहत रहेका खानेपानी आयोजनाहरूलाई क्रमशः भरतपुर खानेपानी बोर्ड मातहत ल्याई एकीकृत ढंगले वितरण गरिनेछ। भरतपुर महानगरपालिकाको वडा नं. २९, रामनगर र बजार क्षेत्रलाई समेत समेट्ने गरी बृहत् एकीकृत खानेपानी आयोजना संघीय सरकारको सहयोगमा आ.व. २०८०/८१ भित्र निर्माण कार्य प्रारम्भ गरिनेछ ।

## वातावरण तथा हरियाली प्रवर्धन

८९. फोहरमैलाको दिगो व्यवस्थापनका लागि सर्कुलर इकोनमी (Circular Economy) को अवधारणा अवलम्बन गरिनेछ। लगानी मैत्री वातावरण सृजना गरी फोहरमैलाको दिगो व्यवस्थापन गर्न **सरकारी निजी साझेदारी (PPP Model )** अन्तर्गत निजी साझेदारसँगको सहकार्य गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ।

९०. फोहरमैला व्यवस्थापनमा संलग्न औपचारिक वा अनौपचारिक संघ संस्थाका सरसफाईकर्मीहरूको पहिचान गर्दै फोहोर व्यवस्थापनमा सहयोग गरी महानगर सफा, स्वच्छ राख्न पुऱ्याएको योगदानको सम्मान गरिने छ।

९१. फोहरलाई श्रोतमा नै अनिवार्य वर्गीकरण गर्न प्रेरित गरिनेछ। वर्गीकृत नगरी फोहर उत्सर्जन गर्ने उत्सर्जकहरूलाई दण्ड जरिवाना गर्ने नीति अवलम्बन गरिनेछ ।

९२. प्लास्टिक झोलाको प्रयोगलाई निरुत्सान गर्दै विकल्पको खोजी गरिनेछ। सार्वजनिक स्थलहरूको सरसफाइलाई विशेष ध्यान दिइनेछ।

९३. **"हाम्रो शहर, हरियाली तथा स्वच्छ शहर"** अवधारणालाई अगाडी बढाई सडक, मिडियन गार्डेन, सडक आइल्याण्ड, पार्क, मनोरन्जन स्थल र खाली स्थान एवं चोकहरूमा हरियाली वातावरण सृजना गरी मनमोहक र वातावरण मैत्री महानगर बनाउन एक परियोजनाको रुपमा **हरियाली प्रवर्धन कार्यक्रम**को थालनी गरिनेछ। केन्द्रीय बस टर्मिनलदेखि आँपटारीसम्मको बाइपास रोडलाई **हरित नमुना सडक (GREEN MODEL ROAD)** को रुपमा विकास गरिनेछ । गोन्द्राङ-पुल्चोक सडकको दायाँ बायाँ किनारमा हरियाली प्रवर्धन गर्न ठुला हुर्किएका रुख रोपण र संरक्षण गरिनेछ।

९४. **एक घर दुई रुख**को नीति कडाइका साथ कार्यान्वयन गरिनेछ ।घर नक्साको निर्माण सम्पन्न लिन अनिवार्य रुपमा रुख रोपी संरक्षण गरेको प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।**एक वडा एक पार्क** निर्माणको नीतिलाई निरन्तरता दिइनेछ ।

९५. **"वातावरण संरक्षण र हरियाली प्रवर्धनका लागि सबै सँगसँगै"** को सामूहिक भावनाका साथ व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत स्वच्छ वातावरण र हरियाली प्रवर्धन गर्न निजी क्षेत्र तथा व्यावसायिक संघ संस्थासँग समन्वय र सहकार्य गरिनेछ ।

९६. समयमै ठेक्का प्रक्रिया मार्फत् नदीजन्य सामाग्री बिक्री गरी आन्तरिक आयको स्रोत वृद्धि गर्न सम्भाव्य नदी, खोला, घाटहरूको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) तयार गर्ने कार्य कार्तिक महिना भित्र सम्पन्न गर्ने गरी कार्य तालिका बनाई कार्यान्वयन गरिनेछ ।स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको अनुगमन तथा परीक्षण गरिनेछ। महानगरपालिकामा सञ्चालनमा रहेका उद्योगधन्दा र कलकारखानाको वातावरणीय अनुगमन तथा निरीक्षण गरिनेछ ।

९७. वातावरणीय सन्तुलन कायम गर्न टेवा पुऱ्याउने गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई नि:शुल्क रूपमा बिरुवा वितरण गरी वृक्षारोपण र संरक्षणको व्यवस्था मिलाइनेछ।

### विपद् व्यवस्थापन

९८. विपद् उत्थानशील विकासको अवधारणा अनुरुप विकास निर्माण तथा योजना कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ।

९९. सबै वडा कार्यालयहरूमा विपद् व्यवस्थापनका आधारभूत सामग्री भण्डारणको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।महानगरमा वारुणयन्त्र थप गरी महानगरको पश्चिमी वडाहरूलाई पायक पर्ने गरी वारुणयन्त्र सञ्चालन गरिनेछ।

१००. आपतकालीन कार्य सञ्चालन केन्द्रको प्रभावकारिता बढाई विपद् सूचना प्रणालीलाई वडा तथा समुदाय तहबाट प्रादेशिक तथा राष्ट्रिय प्रणालीसम्म सूचना समन्वय बढाइनेछ।

१०१. वडा स्तरमा गठित विपद् व्यवस्थापन समिति तथा स्वयंसेवक परिचालनलाई प्रभावकारी बनाइनेछ । वडा, समुदाय तथा विद्यालयहरूमा विपद् प्रतिकार्य सम्बन्धी कार्यक्रम विस्तार गरिनेछ।

१०२. भरतपुरलाई **खरको छानामुक्त महानगर** बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

## सामाजिक विकास

### शिक्षा विकास

१०३. महानगरको शिक्षा क्षेत्रमा आवश्यक सुधारका लागि योजनाबद्ध रुपमा कार्यक्रम अगाडि बढाउने उद्देश्यले सरोकारवालाको सहभागितामा तयार पारिएको शिक्षाको १० वर्षे रणनीति कार्यान्वयनमा ल्याइनेछ।

१०४. शिक्षाको जगका रूपमा रहेको प्रारम्भिक बाल विकास शिक्षालाई गुणस्तरीय बनाउन महानगर भित्रका प्रारम्भिक बाल विकास उमेर समूहका सबै अवस्थाका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित हुने गरी बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरूको व्यवस्थापन सुधार गरिनेछ। मापदण्डका आधारमा सूचक विकास गरी बाल विकास केन्द्रको वर्गीकरण गर्नुका साथै "क" श्रेणीका बाल विकास केन्द्रलाई थप प्रोत्साहन उपलब्ध गराइनेछ।

१०५. शैक्षिक व्यवस्थापनमा वडा शिक्षा समिति र वडा कार्यालयलाई जिम्मेवार बनाई सबै बालबालिकाको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्दै गुणस्तर सुधारका लागि महानगरबाट विनियोजन हुने बजेटका अतिरिक्त वडामा छुट्ट्याइएको बजेटबाट कम्तीमा १० प्रतिशत शिक्षा विकासका लागि विनियोजन गर्ने व्यवस्था मिलाइनेछ।सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित भएको घोषणा गर्ने वडालाई सम्मान गरिनेछ।

१०६. महानगरको स्रोतबाट अति सिमान्तकृत र लोपोन्मुख समूहका विद्यार्थीलाई प्रदान गरिँदै आएको महानगर छात्रवृत्ति आगामी वर्षबाट दलित विद्यार्थीहरूलाई समेत थप गरी प्रदान गरिने छ ।संस्थागत विद्यालयबाट प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित र पारदर्शी बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

१०७. सबै विद्यालयमा गुणस्तरीय शिक्षण-सिकाइको वातावरण निर्माण गर्न व्यवस्थापन गरिएका इन्टरनेट, कम्प्युटर र विषयगत शैक्षिक सामग्री लगायत उपलब्ध स्रोतसाधनको प्रभावकारी प्रयोगमा जोड दिइनेछ। समयसापेक्ष सूचना प्रविधिमा आधारित सिकाइका लागि सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई ICT तालिम प्रदान गरी क्षमता विकास गरिनेछ।

१०८. विद्यालय तहबाटै नवप्रवर्तनलाई प्रोत्साहन गर्न सामुदायिक माध्यमिक विद्यालयमा स्थापना भएका विज्ञान, गणित, भाषा र सामाजिक प्रयोगशालाहरूलाई **स्टिम एजुकेसन (Science Technology Engineering Arts and Mathematics Education, STEAM)** को अवधारणा अनुरूप कार्यान्वयनमा ल्याइनेछ।

१०९. माध्यमिक तहमा प्राविधिक शिक्षाको विस्तारका लागि विद्यार्थी सङ्ख्या उच्च भएका सामुदायिक र संस्थागत विद्यालयलाई कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालनका लागि प्रोत्साहन गरिनेछ।

११०. शिक्षालाई उत्पादनसँग जोड्दै श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न "**श्रमको सम्मान, राष्ट्रको स्वाभिमान**" भन्ने नाराका साथ माध्यमिक तहका विद्यार्थीका लागि **पढ्दै कमाउँदै** कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१११. विद्यालयलाई अपाङ्गतामैत्री र छात्रामैत्री बनाउने गरी समावेशी पहुँचयुक्त भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ।सबै विद्यालयमा नियुक्त लैङ्गिक सम्पर्क शिक्षकको क्षमता विकासलाई निरन्तरता दिइनेछ।

११२. शैक्षिक क्यालेन्डर निर्माण गरी सबै अवस्थाका बालबालिकाको प्रतिभा प्रस्फुटन र विकासका लागि अवसर प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११३. जनप्रतिनिधिलाई विद्यार्थीसँग जोड्दै विद्यार्थीका भावना, विचार, अपेक्षा र आवश्यकता बुझ्न र उनीहरूलाई प्रेरणा र हौसला प्रदान गर्न माध्यमिक तहका विद्यार्थीसँग नगर प्रमुख तथा उपप्रमुखको प्रत्यक्ष उपस्थितिमा अन्तरक्रिया गर्ने गरी **"विद्यार्थीसँग मेयर"** कार्यक्रम सञ्चालन गरिनेछ।

११४. सबै विद्यालय पूर्वाधारलाई बालमैत्री बनाउने महानगरको नीति अनुसार अभियानका रूपमा कार्यान्वयनमा ल्याइएको जस्तापाताको छानो भएका सबै कक्षाकोठामा फल्स सिलिङ र विद्यालय कलर कोड अनुसार सबै विद्यालयको रङ्गरोगनको कार्य यसै वर्ष सम्पन्न गरिनेछ। यसै वर्षबाट माध्यमिक विद्यालयमा स्तरोन्नति भएको वडा नं २९ को माध्यमिक विद्यालय चौकीडाँडाको चार कोठे भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

११५. अपाङ्गता तथा कार्यगत सीमितता भएका, लक्षित वर्ग, विपन्न तथा सामाजिक रुपले पछाडि परेका बालबालिकाको शिक्षामा सहज पहुँचका लागि आवश्यक स्रोत साधन उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनुका साथै वडा नं. २६ को आदर्श मावि दिव्यनगरमा **मस्तिष्क पक्षघात भएका बालबालिकाका लागि स्रोतकक्षा** यसै शैक्षिक सत्रबाट सञ्चालनमा ल्याइनेछ।

११६. चितवन माविमा सञ्चालित बहिरा स्रोतकक्षालाई व्यवस्थित गरी हाल कक्षा ७ सम्म पठनपाठन हुने गरेकोमा थप शिक्षकलाई साङ्केतिक भाषाको तालिम प्रदान गरी क्रमशः माध्यमिक तहको कक्षा १२ सम्म पठनपाठनको व्यवस्था मिलाइनेछ।

११७. स्वस्थ जीवनका लागि सबै विद्यालयमा योग तथा प्राकृतिक चिकित्सा पद्धतिलाई शिक्षाको अभिन्न अङ्गका रुपमा अवलम्बन गर्न **"शिक्षामा योग, टाढा राखौं रोग"** भन्ने नाराका साथ सामाजिक संघसंस्थासँगको समन्वयमा विद्यालयहरूमा योग तथा प्राकृतिक चिकित्सा प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

११८. लक्षित वर्ग, विपन्न, सामाजिक रुपले पछाडि परेका बालबालिकाहरूको सिकाइ निरन्तरताका लागि **“बालबालिकासँग मेयर”** कार्यक्रमलाई निरन्तरता दिइनेछ। एस.ओ.एस. बालग्राम लगायतका संघसंस्था तथा संस्थागत विद्यालयसँग समन्वय गरी अनाथ र असहाय बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११९. विषय समितिहरू मार्फत् शिक्षकको पेशागत दक्षता र सूचना प्रविधिको उपयोग क्षमता अभिवृद्धि कार्यलाई निरन्तरता दिइनेछ।

१२०. हाम्रो मौलिक सभ्यता, साँस्कृतिक मूल्य मान्यता र श्रमको सम्मान जस्ता विषयमा शिक्षालाई व्यवहारिक जीवनसँग जोड्न सबै विद्यार्थीलाई नियमित पठनपाठनका अतिरिक्त हरेक शुक्रबार रचनात्मक र सिर्जनात्मक कार्यमा सहभागी गराउन **"मौलिक र व्यवहारिक शुक्रबार"** अभियान कार्यान्वयनमा ल्याइनेछ।उक्त दिन पाठ्यपुस्तक रहित सिकाइका क्रियाकलापहरू जस्तै, स्थानीय पाठ्यक्रमका क्रियाकलाप, महानगरको शैक्षिक क्यालेन्डरमा समाविष्ट अतिरिक्त क्रियाकलाप, खेलकुद, संगीतका क्रियाकलापहरू, नैतिक

शिक्षा, मनोपरामर्श, योग र प्राकृतिक चिकित्साको अभ्यास गराउनुका साथै महिनाको एउटा शुक्रबार सरसफाइ, वृक्षारोपण जस्ता सामाजिक सेवामा संलग्न गराउने व्यवस्था मिलाइनेछ।

१२१. सामुदायिक विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी अभाव पुरा गरी सिकाइ वातावरण सुनिश्चित गर्न गत वर्षबाट कार्यान्वयनमा ल्याइएको **एक कक्षा एक शिक्षक** कार्यक्रममार्फत् युवा स्वयंसेवक शिक्षक परिचालनलाई निरन्तरता दिइनेछ।

१२२. "**हाम्रो गौरव, हाम्रो भरतपुर**" विषयको कक्षा १-८ को स्थानीय पाठ्यक्रमको सिकाइलाई व्यवहारिक र प्रत्यक्ष रूपमा संलग्न भएर सिक्ने सिकाउने व्यवस्था मिलाउन स्थानीय पाठ्यक्रममा आवश्यक परिमार्जन गर्दै शिक्षक निर्देशिका विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

१२३. शैक्षिक गुणस्तर अभिवृद्धिका मापदण्ड निर्धारण गरी **एक वडा एक नमुना विद्यालय** कार्यक्रमलाई निरन्तरता दिइनेछ। शिक्षालाई सूचना तथा सञ्चार प्रविधिसँग जोड्न "**मेयर डिजिटल शिक्षा**" कार्यक्रमलाई एक वडा एक नमुना विद्यालय कार्यक्रमसँग आबद्ध गरी कार्यान्वयनमा ल्याइनेछ। त्यसका लागि पहिलो वर्ष ३ वटा विद्यालयमा स्मार्ट कक्षाकोठा सञ्चालनको पाइलटिङ गरी क्रमशः सबै सामुदायिक विद्यालयमा विस्तार गरिनेछ।

१२४. सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीलाई नतिजाका आधारमा पुरस्कृत गरिनेछ।

१२५. सामुदायिक विद्यालयको विद्यालय कर्मचारी, विद्यालय सहयोगी र बाल विकास शिक्षिका उमेर हदका कारण अनिवार्य अवकाश हुँदा सहयोग स्वरूप आगामी वर्षबाट एकमुष्ठ रकम एक लाख रुपैयाँ उपलब्ध गराइनेछ।

१२६. विद्यार्थी सङ्ख्या र भूगोलका आधारमा सामुदायिक विद्यालयको मूल्याङ्कन गरी शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजनको कार्यलाई निरन्तरता दिइनेछ। नियमावलीमा तोकिएको न्यूनतम् विद्यार्थी सङ्ख्या नपुगेका संस्थागत विद्यालयलाई अर्को संस्थागत विद्यालयसँग मर्जरमा जान अवसर प्रदान गर्ने र मर्जरमा नगएमा कक्षा तह वा विद्यालयको अनुमति रद्द गर्ने गरी प्रक्रिया अगाडि बढाइनेछ।

१२७. संस्थागत विद्यालयमा बालबालिकाको स्वास्थ्य अनुकूल भवन तथा पूर्वाधारको व्यवस्था गर्न लगाउनुका साथै त्यहाँ कार्यरत शिक्षक कर्मचारीलाई कानुन बमोजिम न्यूनतम सेवा सुविधा उपलब्ध गराउन लगाई सोको अनुगमन तथा नियमन गरिनेछ।

१२८. महानगरपालिकाभित्र उच्च शिक्षा सञ्चालन तथा व्यवस्थापनलाई सहज बनाउन आवश्यक सहयोग र समन्वय गरिनेछ।

१२९. सामुदायिक सिकाइ केन्द्रलाई आवश्यकता र क्षमताका आधारमा सामुदायिक पुस्तकालयका रूपमा विकास गरी निरन्तर शिक्षा र पठन संस्कृतिको विकासका साथै सीपमूलक तथा आयआर्जनका कार्यमा क्रियाशील बनाइनेछ।

१३०. वडा नं. २९ का विद्यालयमा कार्यरत घरबाट आवतजावत गर्न नसकी आवास लिई बस्न पर्ने शिक्षक (राजमार्गसँग जोडिएका विद्यालयमा कार्यरत बाहेक)लाई **आवास भत्ता** बापत मासिक रु दुई हजार प्रोत्साहन स्वरुप उपलब्ध गराइनेछ।

## महानगर प्रज्ञा प्रतिष्ठान

१३१. महानगर प्रज्ञा प्रतिष्ठानलाई महानगरपालिका भित्र साहित्य, भाषा, कला र संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, संवर्धन कार्यका लागि जिम्मेवारी प्रदान गरी क्रियाशील बनाइनेछ।

१३२. विद्यालय तहबाटै साहित्य तथा कलाको विकासका लागि प्रतिभा प्रस्फुटन, पहिचान र प्रोत्साहनका लागि कार्यक्रम तथा अवसरहरू प्रदान गरिनेछ।

१३३. हाम्रा राष्ट्रिय तथा स्थानीय कला र संस्कृतिको संवर्धन एवम् पर्यटन प्रवर्धनका लागि महानगर कला गृह (आर्ट ग्यालरी) स्थापनाको सम्भाव्यता अध्ययन गरिनेछ।

१३४. अध्ययन अनुसन्धानमा सहज हुने गरी आधुनिक सुविधा सम्पन्न पुस्तकालय स्थापना गरी क्रमशः स्तरोन्नति गर्दै लगिने छ।

१३५. भाषा, साहित्य, कला र संस्कृतिको उत्थानको लागि भरतपुर प्रज्ञा जर्नल, महानगर साहित्य दर्पण, महानगर वाङमय कोश प्रकाशन, पाण्डुलिपि प्रोत्साहनलाई निरन्तरता दिइनेछ।

१३६. राष्ट्रिय विभूति तथा प्रतिभाहरूको जन्म जयन्ती तथा महत्वपूर्ण दिवसहरूमा विविध साहित्यिक/साँस्कृतिक/सांगीतिक तथा विद्यालय तहमा साहित्य/संगीतबारे प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१३७. प्रज्ञा-प्रतिष्ठानले स्थापना गरेका यस अघिका मानसम्मान तथा पुरस्कार प्रदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३८. **भरतपुर भ्रमण वर्ष २०२४** लाई समेत दृष्टिगत गर्दै अन्तर्राष्ट्रिय स्तरको साहित्यिक/सांगीतिक कार्यक्रम सञ्चालन गरिनेछ।

## युवा तथा खेलकुद

१३९. युवा उद्यमशीलता प्रवर्द्धनका लागि नेपाल सरकारद्वारा जारी सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान सम्बन्धी कार्यविधि बमोजिम बैंकबाट कर्जा लिई उद्यम गर्न चाहने युवालाई आवश्यक तालिम तथा सेवाहरू उपलब्ध गराइनेछ । निजी क्षेत्रसँगको सहकार्यमा युवालाई स्टार्ट अप तालिम प्रदान गरी उद्यमी युवा तयार पारिनेछ।

१४०. युवामा स्वयंसेवी भावना विकास गर्न शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता क्षेत्रमा योगदान गर्न तथा सामाजिक सुधारका कार्यमा युवा परिचालन गर्न **युवा स्वयंसेवक परिचालन** कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि हालको युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधिलाई प्रतिस्थापन गरी **युवा स्वयंसेवक परिचालन एकीकृत कार्यविधि** तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१४१. **"उपमेयरसँग युवा"** कार्यक्रम अन्तर्गत युवामा स्वयंसेवा, सकारात्मक सोच, उद्यम प्रवर्धन तथा कुलत दुर्व्यसन नियन्त्रण सम्बन्धी युवा परामर्श तथा क्षमता विकासका कार्यक्रममार्फत् युवा सशक्तीकरण गरिनेछ।साथै विशेषज्ञ निकायहरूसँगको समन्वयमा युवाहरूलाई विपद् व्यवस्थापन तथा स्वयंसेवा सम्बन्धी तालिम दिई परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१४२. श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न कार्यविधि निर्माण गरी कृषि, पशुपालन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्यमी तथा स्वरोजगार युवालाई सम्मान र प्रोत्साहन गरिनेछ।

१४३. सामाजिक विकासमा युवा सहभागितालाई प्रोत्साहन गर्न कार्यविधि निर्माण गरी नगर युवा समिति गठन गरिनेछ। साथै सामाजिक विकासमा सक्रिय युवा र गैर सरकारी संस्थाहरूको नगरस्तरीय सञ्जाल निर्माण गरी सहकार्य गरिनेछ।

१४४. नगर युवा समिति र वडा युवा क्लबमा आबद्ध युवाको नेतृत्व विकासमा जोड दिइनुका साथै युवा प्रतिभा प्रदर्शनका अवसर प्रदान गरिनेछ।

१४५. विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न राष्ट्रपति रनिङ सिल्डका अतिरिक्त क्रिकेट, फुटबल, भलिबल लगायतका खेलको विद्यालय स्तरीय लिग सञ्चालन गरिनेछ।अपाङ्गता भएका विद्यार्थीहरूको लागि अवस्था अनुसार विशेष खेल प्रतियोगिता आयोजना गरिनेछ।

१४६. सामुदायिक विद्यालयलाई खेल सामग्री व्यवस्थापनका लागि उपलब्ध गराइँदै आएको अनुदानलाई निरन्तरता दिनुका साथै **युवा स्वयंसेवक खेल प्रशिक्षक**मार्फत प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

१४७. खेलकुद विकासको आधारका रूपमा रहेको खेल पूर्वाधार विकासका लागि महानगरले कार्यान्वयनमा ल्याएको **एक वडा एक खेलमैदान** र **एक विद्यालय एक खेलमैदान** कार्यक्रमलाई निरन्तरता दिई सामुदायिक विद्यालयहरू मध्येबाट ५ बिगाहभन्दा बढी क्षेत्रफल भएका नमुनाउन्मुख एक विद्यालय छनोट गरी खेलकुदका पूर्वाधार सहितको संरचना निर्माणको गुरु योजना तयार गरी कार्यान्वयन गरिनेछ।

१४८. नगरवासीको शारीरिक तन्दुरुस्तीका लागि माग र आवश्यकता अनुसार थप **खुल्ला व्यायामशाला** (Open Gym) स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

१४९. अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेशस्तरीय खेलमा पदक जित्ने महानगरका खेलाडीहरूलाई पुरस्कृत गरिनेछ। राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी र विद्यालयलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५०. खेलकुद क्षेत्रको विकासका लागि नगर खेलकुद विकास समिति र वडा खेलकुद समितिलाई जिम्मेवार बनाई **मेयर कप** लगायत विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतियोगिताहरू सञ्चालन गरिनेछ।

## स्वास्थ्य सेवा

१५१. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा नगरवासीको पहुँच सुनिश्चित गर्नुका साथै नवशिशु स्वास्थ्य, बाल स्वास्थ्य र पोषण, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगहरूको रोकथाम तथा व्यवस्थापन, महामारी नियन्त्रण तथा स्वास्थ्य प्रवर्धन कार्यक्रममा विशेष जोड दिइनेछ।

१५२. महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवालाई गुणस्तरीय र जनमुखी बनाउनुका साथै स्वास्थ्य संस्थाहरूमा सेवा सञ्चालनका लागि आवश्यकता अनुसार जनशक्तिको व्यवस्था गरिनेछ ।

१५३. महानगरपालिकामा कोभिड १९, भेक्टरजन्य रोग लगायतका महामारी तथा सङ्क्रामक रोगहरूको निगरानी, रोकथाम, निदान, उपचार तथा व्यवस्थापन र विपद व्यवस्थापनको पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक तयारी एवं समुदाय परिचालनका लागि बहुनिकाय समन्वय गरी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ।

१५४. शिवनगर प्राथमिक स्वास्थ्य केन्द्रलाई **महानगर अस्पताल**को रुपमा विकास गरी अल्ट्रासाउण्ड, इमरजेन्सी सेवाको साथै विशेषज्ञ चिकित्सक सहितको सेवाको शुरुवात गरिनेछ।साथै शारदानगर स्वास्थ्य चौकीको सेवा स्तरोन्नति गर्नका लागि संघीय र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

१५५. बालबालिका, महिला, ज्येष्ठ नागरिक लगायत लक्षित समूहका लागि **विशेष स्वास्थ्य कार्यक्रम** सञ्चालन गरिनेछ। ४० वर्ष माथिका सबै महिलाको पाठेघरको स्वास्थ्य जाँचका साथै पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ्ग गरिनेछ।

१५६. **"समुदायसँग मेयर स्वास्थ्य कार्यक्रम"** शुरुवात गरी लक्षित वर्ग, असहाय, अति विपन्न, जेष्ठ नागरिक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यकता अनुसार समुदायका घर टोलमा स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य सेवा प्रदान गरिनेछ । साथै असहाय, विपन्न परिवारको पहिचान गरी महानगरपालिकाले नै **स्वास्थ्य बिमा** गर्ने व्यवस्था मिलाइनेछ ।

१५७. महानगर भित्रका सरकारी, निजी अस्पताल, मेडिकल कलेज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँगको सहकार्यमा विभिन्न वडा र विद्यालयमा **एकीकृत स्वास्थ्य शिविर** सञ्चालन गरिनेछ।

१५८. भरतपुर महानगर पूर्णखोप घोषणा भइसकेको अवस्थामा बालबालिकाहरूलाई दिइने सबै खोप कार्यक्रमलाई विशेष प्राथमिकता दिँदै पूर्णखोप सुनिश्चितताको दिगोपनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

१५९. **"हाम्रा बालबालिका, हाम्रो भविष्य"** भन्ने नाराका साथ आमाको गर्भदेखि विद्यालयसम्म पोषणमा विशेष जोड दिई पोषण कार्यक्रम सञ्चालन गर्नुका साथै महानगरपालिकाका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी परिचालन गरी सबै सामुदायिक विद्यालयमा महिनामा एक पटक स्वास्थ्य परामर्श कक्षा र वर्षमा दुई पटक निःशुल्क रूपमा दाँत तथा आँखा लगायत स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइने छ।

१६०. रगतको अभाव र मागलाई सम्बोधन गर्न बृहत रुपमा रक्तदान कार्यक्रम सञ्चालन गर्नुको साथै रक्तदान कार्यक्रम गर्ने संघसंस्था तथा रक्तदातालाई सम्मान सहित प्रोत्साहन गरिनेछ।

१६१. महानगरपालिका भित्र सञ्चालनमा रहेका मेडिकल कलेज, निजी अस्पताल, पोलि क्लिनिक, डायग्नोस्टिक केन्द्र, क्लिनिक, प्रयोगशाला सेवा, आयुर्वेद अस्पताल तथा क्लिनिक, औषधि पसल आदि स्वास्थ्य संस्थाहरूको अनुगमन तथा नियमन गरी महानगरवासीको गुणस्तरीय स्वास्थ्य सेवाको अधिकार सुनिश्चित गरिनेछ। साथै स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी मापदण्डलाई कडाइका साथ लागु गरिनेछ।

१६२. महिला स्वास्थ्य स्वयंसेविकाहरूको सेवालाई सुदृढ बनाउनका लागि प्रदान गरिदैँ आएको महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन लाई निरन्तरता दिइनेछ।दीर्घसेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन रकम सहित सम्मानजनक बिदाइ गरिनेछ।

१६३. स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनुका साथै थप सुदृढीकरण गरिनेछ । वन्यजन्तुको आक्रमणमा परी घाइते भएकाहरूलाई अस्पतालसम्म लैजानका लागि एम्बुलेन्स सेवाका लागि आवश्यक व्यवस्था गरिनेछ।

१६४. स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला सेवा सञ्चालनलाई विस्तार तथा सुदृढीकरण गरिनेछ ।गर्भवती महिलालाई आधारभूत प्रयोगशाला सेवा निःशुल्क उपलव्ध गराइनेछ।

१६५. स्वास्थ्य सेवामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ। स्वास्थ्य सम्बन्धी समसामयिक विषयवस्तुको जानकारीका लागि जन स्वास्थ्य बहस, अध्ययन अनुसन्धान लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१६६. सूर्तीजन्य पदार्थको प्रयोगले मानव स्वास्थ्यमा पर्ने नकारात्मक असरलाई मध्यनजर गर्दै सूर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। भरतपुर महानगरपालिका अन्तर्गत सामुदायिक तथा संस्थागत विद्यालय र स्वास्थ्य संस्थाको १०० मिटर क्षेत्रभित्र सूर्तीजन्य पदार्थ बेचबिखन गर्न रोक लगाइनेछ।

१६७. स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवालाई सर्वसुलभ तथा प्रभावकारी बनाउन गुणस्तरीय औषधी सामग्रीको नियमित आपूर्ति गरी उपलब्धता सुनिश्चित गरिनेछ । स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार, न्यूनतम औजार उपकरणको उपलब्धता तथा क्षमता विकासका लागि आवश्यक व्यवस्थापन गरिनेछ।

१६८. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको प्रयोग तथा उपयोगलाई सबै स्वास्थ्य संस्थासम्म विस्तार गरिनुका साथै स्वास्थ्य सम्बन्धी क्रियाकलापहरूको अभिलेख तथा प्रतिवेदनलाई प्रविधि मैत्री बनाउन डिजिटलाइज्ड गर्दै लगिनेछ।

१६९. महानगरवासी आम नागरिकलाई आफ्नो स्वास्थ्य बारे सचेत रहन सबैले **आफ्नो जन्म दिनमा स्वास्थ्य जाँच** गराउन प्रेरित गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

१७०. नमुना जडिबुटी प्रवर्धन कार्यक्रमको थालनी गरी सरकारी तथा निजी संघसंस्थाहरूसँगको सहकार्यमा **एक बोटानिकल गार्डेन** निर्माण कार्य अगाडि बढाइनेछ ।

१७१. आयुर्वेद तथा वैकल्पिक चिकित्सा, प्राकृतिक चिकित्सा, योग आदि मार्फत उपचार, नसर्ने रोगको रोकथाम तथा स्वास्थ्य प्रवर्धनका क्रियाकलाप सञ्चालन गरिनेछ।ज्येष्ठ नागरिक र स्तनपायी आमाहरूको स्वास्थ्य प्रवर्धनका लागि समुदाय स्तर सम्म कार्यक्रम सञ्चालन गरिनेछ।

१७२. प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, नगर स्वास्थ्य केन्द्रबाट प्रदान गरिने स्वास्थ्य सेवामा आयुर्वेद, प्राकृतिक चिकित्सा लगायतका वैकल्पिक चिकित्सा

पद्धतिलाई समावेश गर्दै लगिनेछ । साथै आयुर्वेद, योग, पञ्चकर्म एवं वैकल्पिक चिकित्साको विकासका साथै स्थानीय स्तरमा उपलब्ध औषधिजन्य जडिबुटी, खनिज तथा द्रव्यको पहिचान, सङ्कलन, संरक्षण र प्रवर्धन गरिनेछ।

१७३. स्वास्थ्य सेवालाई जनताको घरदैलोमा नै पुऱ्याउनका लागि खोप क्लिनिक, गाउँघर क्लिनिक लगायत सामुदायिक सेवालाई निरन्तरता दिदैं यसमा संलग्न जनशक्तिलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१७४. महानगरका सबै परिवारलाई सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रममा आबद्ध गर्नका लागि योजना तयार गरी कार्यान्वयन गरिनेछ । स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि संघीय सरकार, प्रदेश सरकार लगायत अन्य सार्वजनिक, गैरसरकारी र निजी क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ ।

## लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण

१७५. **"छोरीसँग मेयर"** कार्यक्रम अन्तर्गत भरतपुर महानगर भित्र स्थायी बसोबास गरी सरकारी स्वास्थ्य संस्थामा जन्म हुने छोरीहरूका लागि छोरी बीमा कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१७६. संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनआन्दोलन, जनयुद्ध तथा सबै प्रकारका आन्दोलनमा सहिद भएका तथा बेपत्ता पारिएका परिवारका लागि प्रदान गरिँदै आएको मासिक जीविकोपार्जन सहयोग तथा आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७७. महानगर क्षेत्र भित्रका अति विपन्न महिला, बालबालिका, सिमान्तकृत, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित, मुस्लिम, पिछडा वर्ग, आदिवासी जनजाति, यौनिक अल्पसङ्ख्यक, द्वन्द्व पिडित तथा प्रभावित र वञ्चितीमा परेका लक्षित समुदायको आर्थिक एवम् सामाजिक सशक्तीकरणका कार्यक्रममा जोड दिइनेछ |

१७८. महिला तथा बालबालिका उपर हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सबै वडाहरूमा अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ । **हिंसा विरूद्ध शून्य सहनशीलताको नीति** अनुरुप लैङ्गिक हिंसा व्यवस्थापन गर्न र **"हरेक घर सम्मानित घर"** बनाउने गरी प्रत्येक वडामा एक मनोसामाजिक विमर्शकर्ता रहने व्यवस्था मिलाइनेछ ।लैङ्गिक हिंसाका घटनालाई तत्काल सम्बोधन गर्ने गरी नियमित सुनुवाई प्रक्रियालाई व्यवस्थित गर्दै लगिनेछ।

१७९. लैङ्गिक हिंसाबाट पिडित तथा प्रभावितलाई तत्काल राहत उपलब्ध गराउन **लैङ्गिक हिंसा व्यवस्थापन कोष** स्थापना गरिनेछ। घरेलु हिंसा, मानब बेचबिखन तथा ओसारपसार, साइबर अपराधसँग जोडिएर हुने घटना व्यवस्थापनमा सरोकारवाला निकायहरूसँग सहकार्य र समन्वय गरिनेछ ।

१८०. विपन्नताको बाहुल्यता भएका बस्तीस्तरमा दिगो जीविकोपार्जनका कार्यक्रमहरूलाई प्रोत्साहन गर्दै अति विपन्न सदस्यका लागि व्यवसाय शुरु गर्नका लागि सीप विकास तथा वस्तुगत टेवा स्वरुप पुँजीगत अनुदान उपलब्ध गराइने व्यवस्था मिलाइने छ।गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।

१८१. **महानगरको लैङ्गिक तथा सामाजिक समावेसी नीति** बनाई कार्यान्वयनमा ल्याइनेछ।

१८२. महानगरका सबै वडाहरू मार्फत् लक्षित वर्ग विशेष कार्यक्रमका लागि निश्चित प्रतिशत रकम विनियोजन गरिनेछ। साथै यस्ता कार्यक्रम सञ्चालनमा एकरुपता ल्याउन कार्यक्रम सञ्चालन मार्गदर्शन तयार पारी सो अनुरुप गर्ने नीति अवलम्बन गरिनेछ ।

१८३. विशेष संरक्षणको आवश्यकता भएका असहाय, एकल महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, सहयोगापेक्षी सडक मानवहरूका लागि विशेष संरक्षण सेवा प्रवाह गर्ने व्यवस्थाका लागि संघ तथा प्रदेश सरकार र मानव सेवा आश्रमसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

१८४. महानगर क्षेत्र भित्रका अति विपन्न महिला, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, दलित, मुस्लिम, पिछडा वर्ग, आदिवासी जनजाति, द्वन्द्व पिडित तथा प्रभावित र वञ्चितीमा परेका लक्षित समुदायको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि गर्न लोकसेवा आयोग, शिक्षा सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ।

१८५. बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा र शोषण निषेधको नीतिलाई निरन्तरता दिनुका साथै बालमैत्री शासन पद्धति अनुरुप आगामी आर्थिक वर्षमा थप वडाहरूलाई **बालमैत्री वडा घोषणा** गरिनेछ।

१८६. महानगर क्षेत्र भित्र सञ्चालनमा रहेका सबै बालगृहहरूको नियमित अनुगमन र नियमनमा निरन्तरता दिई व्यवस्थित गर्दै लगिनेछ। महानगर क्षेत्र बाहिरका बालबालिकालाई बालगृहमा संरक्षण दिने कार्यलाई निरुत्साहन गर्दै सम्बन्धित पालिकालाई जवाफदेही बनाउने कार्यमा समन्वय एवम् सहकार्यको नीति अवलम्बन गरिनेछ।

१८७. कानुनले पूर्ण रुपमा निषेध गरेको **छुवाछुत एवम् बालविवाह मुक्त महानगर** बनाउने अभियानलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

१८८. महानगर क्षेत्र भित्र अनुमति बिना सञ्चालनमा रहेका संरक्षण गृह एवम् पुर्नस्थापना केन्द्र कानुन बमोजिम नियमन गरिनेछ ।

१८९. महानगरको सामाजिक विकासका साझेदार गैर सरकारी तथा सामाजिक संघसंस्था दर्ता, नवीकरण र गतिविधिहरूको अभिलेख व्यवस्थापन र समन्वयमा एकरुपता कायम गर्न संस्था दर्ता र नवीकरणको सिफारिस गर्दा एकद्वार प्रणाली अबलम्वन गर्दै कानुन बमोजिम नियमन गरिनेछ ।

१९०. "**भरतपुर महानगरपालिकाको विकासमा नागरिकको सक्रिय सहभागिता**" भन्ने नारालाई मूर्त रूप दिन हाल महानगरभित्र रहेका टोल विकास संस्थालाई अझ बढी क्रियाशील र व्यवस्थित बनाउँदै लगिनेछ।

१९१. "**एक वडा एक जेष्ठ नागरिक विश्रामस्थल तथा दिवासेवा**" कार्यक्रमलाई निरन्तरता दिदै वडाहरूमा जेष्ठ नागरिक विश्रामस्थल निर्माण र सञ्चालन गरी ज्येष्ठ नागरिकको सहज र सम्मानपूर्ण जीवनयापन गर्न प्रोत्साहित गरिनेछ। नगर भित्र सञ्चालनमा रहेका जेष्ठ नागरिक आश्रय गृहहरूको अभिलेख व्यवस्थापनका साथै समयानुकूल सुधार गर्दै लगिनेछ।

१९२. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र अधिकारलाई सुनिश्चित गर्दै अपाङ्गताको गाम्भीर्यताको आधारमा अपाङ्गता परिचय-पत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साथै मध्यम अपाङ्गता भएका व्यक्तिहरूलाई **निःशुल्क स्वास्थ्य बीमा** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९३. महानगर क्षेत्र भित्र रहेका अपाङ्गताका क्षेत्रमा क्रियाशील सामाजिक संघसंस्थाहरूको अगुवाईमा अपाङ्गता भएका व्यक्ति एवम् परिवारको शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसर प्रदान गर्ने गरी कार्यक्रम सञ्चालनमा जोड दिदै अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

१९४. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि सुविधा सम्पन्न **अपाङ्गताग्राम** निर्माण कार्य संघ तथा प्रदेश सरकारसँगको समन्वयमा अगाडि बढाइनेछ ।

१९५. जन्म, मृत्यु, विवाह दर्ता, सम्बन्ध विच्छेद र बसाइँसराइ जस्ता व्यक्तिगत घटना दर्ता (Vital Registration) को अभिलेखलाई डिजिटाइज्ड (Digitized) गरिनुका साथै जन्म दर्तालाई वि.स. २०८० साल भित्र शत प्रतिशत र अन्य घटना दर्तालाई उल्लेख्य मात्रामा वृद्धि गर्दै लगिनेछ।

१९६. महिलाको हक अधिकारको सुनिश्चित गर्न सबै अवस्थाका महिलाहरूको प्रतिनिधित्व हुने गरी **नगरस्तरीय महिला सञ्जाल**को गठन तथा परिचालन गरिनेछ।

१९७. दलितको हक अधिकारको सुनिश्चित गर्न वडा**स्तरीय र नगरस्तरीय दलित सञ्जालको** गठन तथा परिचालन गरिनेछ।

१९८. परिवार, समुदाय तथा विद्यालय तहमा किशोरी मैत्री वातावरण बनाउन विभिन्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

१९९. गैर सरकारी तथा सामाजिक संघ संस्थाको कम्तीमा ३० प्रतिशत लागत साझेदारीमा मागमा आधारित योजना तथा कार्यक्रम कार्यान्वयनको अभ्यासलाई निरन्तरता दिइनेछ।

२००. महानगरवासी आम नागरिकहरूलाई **"स्वदेशमा नै रोजगारी गरौँ, वैदशिक रोजगारीमा जानै परेमा सीप सिकेर मात्र जाऔं"** भन्ने सन्देश सहित आवश्यक पर्ने सीप, ज्ञान तथा भाषाका बारेमा सुसूचित गराइनेछ। वैदेशिक रोजगारमा गएका परिवारहरूको लगत सङ्कलन कार्यलाई अद्यावधिक गर्नुका साथै वैदेशिक रोजगारबाट प्राप्त पूँजीको सदुपयोग सम्बन्धी जागरणमूलक सन्देश प्रसारण गरिनेछ ।

२०१. सुरक्षित वैदेशिक रोजगारीका लागि नियमित सूचना तथा परामर्श सेवा जिल्ला प्रशासन कार्यालयको समन्वयमा आप्रवासी श्रोत केन्द्रमार्फत संचालन गरिने छ ।

२०२. वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारहरूलाई वैदेशिक रोजगारका कारण उत्पन्न मनोसामाजिक समस्यालाई सम्बोधन गर्न मनोसामाजिक परामर्श सेवालाई थप विस्तार गरी निरन्तरता दिइनेछ। सम्बन्धित संघीय निकायहरूको समन्वयमा वैदेशिक रोजगारीमा रही विदेशमा अलपत्र परेका कामदारहरूको उद्धारमा पहल र सहयोग गरिनेछ।

## आर्थिक विकास

### कृषि विकास

२०३. कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि कृषकस्तरमा कृषि प्रविधि प्रसारका कार्यक्रम सञ्चालन गरिनेछ।

२०४. कृषि क्षेत्रको आधुनिकीकरण तथा वैज्ञानिकीकरणका लागि कृषिमा यान्त्रीकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।कृषकहरूलाई अनुदानमा कृषि यन्त्र उपकरण उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

२०५. महानगरभित्रका खेतीयोग्य जमिनमा सिँचाइको पर्याप्तता सुनिश्चित गर्न भइरहेका जीर्ण अवस्थाका नहर कुलोको मर्मत गर्ने तथा कृषकहरूलाई साना सिँचाइमा अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ। अति आवश्यक ठाउँमा संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा ठुला खालका डिप बोरिङ खन्ने कार्य गरिनेछ।जीर्ण अवस्थामा रहेको नारायणी लिफ्ट सिँचाइ आयोजनालाई नियमित सञ्चालन गर्न संघीय सरकारसँग समन्वय गरी काम अगाडि बढाइनेछ।

२०६. भरतपुर महानगरपालिकालाई उन्नत बिउ (खाद्यान्न) उत्पादनको हबको रुपमा विकास गरिनेछ र यसको लागि खाद्यान्न बिउ उत्पादन गर्ने कृषकलाई उत्पादन परिमाणको आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ।

२०७. महानगरको लागि प्राप्त हुने रासायनिक मलको वितरण कृषि सहकारी तथा सूचीकृत कृषक समूह मार्फत् गर्दै नियमन कार्यलाई थप व्यवस्थित गरिनेछ। रासायनिक मलको अभावलाई न्यूनीकरण गर्न पशु वस्तुको मल तथा मुत्र व्यवस्थापनबाट खेतबारीमा प्राङ्गारिक मलको प्रयोग गरी अर्गानिक खेती गर्न प्रोत्साहन गरिनेछ।

२०८. स्थानीय कृषि उपजहरूको बजारीकरणका लागि आवश्यक पूर्वाधारमा लगानी गरिनेछ। **एक वडा एक हाट बजार** स्थापना गर्न प्रोत्साहन गरिनेछ।सञ्चालनमा रहेका हाटबजारहरूको स्तरोन्नति गरिनेछ।

२०९. कृषकले उत्पादन गरेका कृषि उपजहरूको भण्डारणका लागि संघ र प्रदेश सरकार तथा निजी क्षेत्रसँगको सहकार्यमा आधुनिक शीत भण्डार (Cold Store) र गोदाम घर (Warehouse)निर्माण गरिनेछ ।

२१०. व्यावसायिक तरकारी खेती गर्ने कृषि सहकारी, कृषक समूह तथा फर्महरूलाई आफ्ना उत्पादनको सहज बजार पहुँचका लागि निजी क्षेत्रसँगको सहकार्यमा **बिक्री केन्द्र (Out let)** स्थापनाका लागि प्रोत्साहन गरिनेछ।

२११. **"विषादी मुक्त भरतपुर"** नीतिलाई प्राथमिकता दिइने छ।यसका लागि हालको विषादी प्रयोगको अवस्थालाई न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। आई पी एम कृषक पाठशालालाई निरन्तरता दिइनेछ। विषादी परीक्षण प्रयोगशालालाई संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा थप सुदृढीकरण एवं व्यवस्थित गरिनेछ।

२१२. गुणस्तरीय मह उत्पादनमा जोड दिंदै मौरीपालन व्यवसायलाई प्रोत्साहित गर्न मौरी पालन गर्ने कृषकहरूलाई आवश्यक उपकरणको लागि अनुदानको व्यवस्था गरिनेछ।

२१३. कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न महानगरभित्र रहेका कुनै पनि जमिन बाँझो राख्ने कार्यलाई दुरुत्साहन गरिनेछ। साथै बाँझो जमिनमा खेती गर्ने कृषकहरूलाई प्रोत्साहन गरिनेछ ।

२१४. कृषि उत्पादनको प्रशोधनका लागि साना खाले प्रशोधन उद्योग स्थापना गर्नका लागि कृषि सहकारी तथा कृषक समूहहरूलाई प्रोत्साहन गरिनेछ। महानगरपालिका भित्रका उत्कृष्ट कृषि सहकारी, कृषक समूह तथा कृषकहरूलाई सम्मान तथा पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२१५. विपन्न तथा सीमान्तकृत कृषकहरूका लागि आयस्तर वृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२१६. कृषि सूचना प्रणालीको विकास गरी महानगरका प्रत्येक कृषकलाई त्यसमा आबद्ध गरिनेछ। कृषिको तथ्याङ्कलाई सुदृढीकरण गरिनेछ ।

२१७. कृषि तथा पशु विकासका क्षेत्रमा प्रतिफलमा आधारित प्रोत्साहन प्रदान गर्न आवश्यक क्षेत्रहरूको पहिचान गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२१८. कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग कृषि तथा पशुपालनको क्षेत्रमा प्रविधि विकास तथा विस्तार र विज्ञ सेवाको लागि सहकार्यमा कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२१९. मागमा आधारित कृषि कार्यक्रम मार्फत कृषकका आवश्यकतामा आधारित भएर कृषि विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

२२०. **"भरतपुर भ्रमण वर्ष २०२४"**को सन्दर्भमा महानगरपालिकामा रहेका उत्कृष्ट कृषि फार्महरूलाई अध्ययन, अवलोकन र नमुनाका रुपमा विकास गरी **कृषि पर्यटन (Agro Tourism)** लाई प्रवर्धन गर्न कृषक समूह तथा सहकारीलाई प्रोत्साहन गरिनेछ ।

२२१. **"स्वस्थ आहार, स्वस्थ व्यवहार"** अनुरुप आफैले आफ्ना लागि तरकारी उत्पादन एवम् हरियाली प्रवर्धनका लागि सहरी क्षेत्रमा कौसी र करेसाबारीमा तरकारी तथा फलफूल खेतीलाई प्रोत्साहन गरिनेछ।

## पशु सेवा

२२२. दुध उत्पादनमा दिइँदै आएको उत्पादनमा आधारित प्रतिलिटर रु ३/-अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। नेपाल सरकारले तोकेको न्यूनतम गुणस्तर कायम गर्न गराउन नियमन गरिने व्यवस्था मिलाइनेछ ।

२२३. अनुत्पादक एवं न्यून उत्पादन क्षमता भएका पशुवस्तुहरूको नश्ल सुधारको माध्यमबाट उत्पादन क्षमता वृद्धि गरिनेछ। यसको लागि गाईभैंसी तथा बाख्राहरूमा **कृत्रिम गर्भाधान** गरिने कार्यलाई निरन्तरता दिइनेछ।

२२४. हरियो घाँसमा आधारित पशुपालन व्यवसायको प्रवर्धन गरिनेछ। बहुवर्षे घाँसखेती विस्तारमा गरिँदै आएको सहयोगलाई निरन्तरता दिइनेछ।

२२५. पशुपन्छी तथा माछामा लाग्ने रोगहरूको रोग निरोधात्मक, प्रतिरोधात्मक र उपचारात्मक सेवाहरू प्रदान गरिनेछ।

२२६. **जुनोटिक रोग** नियन्त्रणका लागि आवश्यक कार्यक्रम बनाई मानव स्वास्थ्य संरक्षणमा जोड दिइनेछ।

२२७. पशु पालन गर्ने कृषकहरूको लागि काउम्याट वितरण कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

२२८. पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र उत्पादित सामग्रीहरूको गुणस्तर नियमन गर्दै उपभोक्ताहरूलाई स्वस्थ र स्वच्छ माछा मासु उपभोगका लागि माछा मासु पसल सुधार कार्यक्रम कार्यान्वयन गरिनेछ।

२२९. उत्पादन लागत न्यूनीकरण गर्न पशुपन्छी तथा मत्स्य फार्महरूमा यान्त्रिकीकरण एवम् व्यवस्थापकीय कार्यमा सहयोग गरिनेछ।**पशु बिमा**का लागि कृषकहरूलाई प्रोत्साहन गरिनेछ।

२३०. आधुनिक प्रविधियुक्त गोठ/ पोखरी स्थापना तथा सुधार कार्यलाई प्रोत्साहन गरिनुका साथै गोठ, पोखरी तथा खोरमा जैविक सुरक्षा विधि अवलम्बन गर्न प्रोत्साहित गरिनेछ।

२३१. आर्थिक अवस्था कमजोर भएका र रोजगारी नभएका सिमान्तकृत विपन्न परिवारको जीविकोपार्जनका लागि **निर्वाहमुखी पशुपंक्षी पालन कार्यक्रम** कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

२३२. रेबिज रोग रोकथाम तथा नियन्त्रणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। सामुदायिक कुकुर बिरालोहरूको निःशुल्क रेबिज विरुद्ध खोप लगाइनुका साथै बन्ध्याकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२३३. मत्स्यफर्महरूमा प्रयोग हुने **विद्युत महसुलमा पचास प्रतिशत अनुदान सहयोग**लाई निरन्तरता दिइनेछ।

२३४. व्यावसायिक रुपमा पशुपालन गर्ने महिला उद्यमी तथा वैदेशिक रोजगारबाट फर्किएकालाई प्रोत्साहन गरिनेछ।

२३५. पशुपंछी, मत्स्य पालन तथा आहारा सम्बन्धी तालिमहरू स्थलगत रुपमा प्रदान गरिने छ।

२३६. **युवा स्वयम् सेवक परिचालन** कार्यक्रम मार्फत् कृषि तथा पशु प्राविधिक जनशक्ति परिचालन गरी प्राविधिक सेवालाई कृषकको घर दैलोमा पुऱ्याइनेछ।

## सहकारी तथा रोजगार प्रवर्द्धन

२३७. सहकारी अभियानको जननीको रूपमा रहेको बखान सहकारी लगायत अन्य सहकारी संस्थाहरूलाई समुदाय स्तरमा प्रवर्धन गरी वित्तीय तथा गैर वित्तीय सहकारी संस्थाहरूलाई वडा-वडामा उत्पादनमा केन्द्रित हुन प्रोत्साहन तथा सहजीकरण गरिनेछ|

२३८. उत्पादक सहकारी संस्थाहरूलाई दिइँदै आएको अनुदानलाई दुग्ध उत्पादक सहकारी संस्थाहरूमा केन्द्रित गरिनेछ |

२३९. भरतपुर भ्रमण वर्ष २०२४ लाई लक्षित गरी सहकारी मोडलमा नमुना होमस्टे सञ्चालन मार्फत **पर्या पर्यटन (Eco-Tourism)** विकास गर्न पर्यटन सहकारी दर्ता गर्न उत्प्रेरित गरिनेछ|

२४०. महानगरमा उत्पादन भएको दुध, तरकारी, माछा, फलफूल आदिलाई बजारीकरण गर्न विशिष्टीकृत सहकारी संघको स्थापनालाई प्रोत्साहन गरी उत्पादनको संकलन, प्रशोधन, भण्डारण र बजारीकरण सुनिश्चित गर्न उत्प्रेरित गरिनेछ |

२४१. सहकारी संस्थाहरूको एकीकरण र डिजिटल कारोबारलाई प्रोत्साहन गर्दै **सहकारी तथा गरिबी निवारणसम्बन्धी व्यवस्थापन सूचना प्रणाली(COPOMIS)**मा सहकारी संस्थाहरूको आबद्धतालाई अनिवार्य गरिनेछ|

२४२. सहकारी शिक्षा, तालिम र अनुगमन मार्फत सहकारी संस्थाहरूमा संस्थागत स्व-अनुशासनको नियमन र सुशासन प्रवर्द्धनलाई प्रोत्साहन गरी संस्थाहरूमा असल अभ्यासको क्षमता अभिवृद्धि गरिनेछ|

२४३. सहरी तथा ग्रामीण क्षेत्रमा गरिबी न्यूनीकरण गर्न स्व-रोजगार प्रवर्द्धनको लागि डोजर, सडक रोलर, क्रेन, एस्काभेटर, ग्रेडर ड्राइभिङ र आधारभूत हेयर ड्रेसिङ लगायतका मागमा आधारित तालिम कार्यक्रम सञ्चालन गरिनेछ|

## पर्यटन तथा संस्कृति

२४४. **"भरतपुर भ्रमण वर्ष, २०२४"** लाई भरतपुर महानगरले निजी, सामाजिक, सामुदायिक, गैर सरकारी क्षेत्र लगायत महानगरका सम्पूर्ण सरोकारवाला पक्षहरूको सहभागितामा उत्सवका रुपमा घोषणा गर्दै वर्षैभरि पर्यटन प्रवर्धन अभियानका रुपमा अगाडि बढाई पर्यापर्यटन, साँस्कृतिक पर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन, जल पर्यटन, माइस पर्यटन, कृषि पर्यटन, विकास पर्यटन, स्वास्थ्य पर्यटन, सहकारी पर्यटन, खेल पर्यटन र शैक्षिक पर्यटन हबका रुपमा विकास गर्दै यस आ.व.मा स्वदेशी एवम् विदेशी २ लाख पर्यटक भित्र्याइनेछ।

२४५. **भरतपुर भ्रमण वर्ष २०२४** सफल बनाउन निजी तथा साझेदार संघ संस्था, प्रदेश सरकार एंव संघीय सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ ।

२४६. पर्यटन क्षेत्रको विकास र विस्तारको लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन गुरुयोजना तर्जुमा गरी वार्षिक कार्यक्रममा समावेश एवम् कार्यान्वयन गरिनेछ ।

२४७. **भरतपुर (चितवन) – पोखरा (कास्की) – लुम्बिनी (रुपन्देहरी) स्वर्ण त्रिकोण (Golden Triangle)** पर्यटन प्रवर्धन कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वियन गरिनेछ ।

२४८. महानगरपालिकाले पहिचान गरेका ३० वटा प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रवर्धन तथा विकास गरिनेछ ।पर्यटन सूचना नक्सा तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।स्थानीय उपभोक्ताहरूको साझेदारीमा चौकीडाँडालाई हिल स्टेसनको रुपमा विकास गरिनेछ ।

२४९. **भरतपुर भ्रमण वर्ष, २०२४** सन्दर्भमा नारायणी नदी किनारमा **पर्यटकीय स्तम्भ** निर्माण गरिनेछ।

२५०. आदिवासी जनजाति, पिछडा वर्ग आदिको भाषा, लिपि, बाजागाजा, रीतिरिवाज परम्परा संस्कृति आदिको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।विभिन्न जाति जनजातिको पहिचान झल्किने साँस्कृतिक महोत्सव आयोजना गरिनेछ ।

२५१. महानगरपालिकाको साँस्कृतिक सम्पदा सूचीहरूको सर्भेक्षण गरी महत्वपूर्ण सम्पदा स्थलहरूको संरक्षण गुरुयोजना तयार गरिनेछ। सम्पदा संरक्षणको लागि पर्यटकीय क्षेत्रमा **आचार संहिता ( Code of Conduct)** जारी गरिनेछ।

२५२. महानगरका परम्परागत रैथाने संस्कृतिहरू, सम्पदा र उत्पादनहरूलाई बजारीकरण गर्न आवश्यक कार्यक्रमहरू अगाडि बढाइनेछ।

२५३. पर्यटन सम्बन्धी सम्पूर्ण कार्यक्रमलाई व्यवस्थित गर्न पर्यटन कार्यविधि बनाई कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## उद्योग

२५४. उद्योग र उद्योगीहरूको क्षमता अभिवृद्धिको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । नयाँ उद्यमी सिर्जनाका लागि सञ्चालन हुने Startup उद्यमीका लागि क्षमता अभिवृद्धि र सीप विकास सम्बन्धी तालिम कार्यक्रममा आवश्यक सहयोग गरिनेछ ।

२५५. महानगरपालिका भित्र छरिएर रहेका उद्योगहरूलाई व्यवस्थित गर्ने गरी बागमती प्रदेशको आर्थिक सहयोगमा वडा नं २० र संघीय सरकारको आर्थिक सहयोगमा वडा नं २१ मा उद्योग ग्राम निर्माणलाई सम्पन्न गर्न आवश्यक सहयोग र समन्वय गरिनेछ।

२५६. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने गरी सृजनात्मक तथा अनुसन्धानमा आधारित साना र लघु तथा घरेलु उद्योगहरूको स्थापनाका लागि प्रोत्साहन स्वरुप बीउ पूँजी तथा उत्पादन पश्चात् बिक्री बिल बिजकका आधारमा अनुदानको व्यवस्था मिलाइनेछ । यस्ता उद्योगहरूको स्थापना, सञ्चालन र विकासका लागि महानगरपालिका भित्र रहेका उद्योगीहरूको छाता संस्थासँग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

२५७. ठुला करदाता र ५० जना भन्दा बढी रोजगारी सृजना गर्ने उद्योगीलाई महानगरले सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । उद्योगले गरेको रोजगारी सिर्जना र राजश्वमा गरेको योगदान, औद्योगिक उत्पादनको मौलिकता तथा स्थानीय कच्चा पदार्थको उपयोग आदिका आधारमा **Commercially Important Person (CIP)** दिने व्यवस्थालाई सुरुवात दिइनेछ ।

२५८. निजी क्षेत्रबाट औद्योगिक ग्राम स्थापना गर्न चाहेमा प्रोत्साहनका लागि महानगरपालिकाले पूर्वाधार निर्माण (बाटो, बिजुली, कम्पाउण्ड, ढल निकास, खानेपानी आदि) को लागि आवश्यक सहयोग र समन्वय गर्ने छ ।

२५९. महानगरपालिका भित्र सञ्चालित महिला उद्यमीहरूलाई प्रोत्साहन गर्न तालिम, सिप विकास, प्रविधि हस्तान्तरण र उद्यमशीलता विकासका लागि आवश्यक सहयोग प्रदान गरिनेछ।

२६०. साना तथा घरेलु उद्योगसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्नका लागि उद्योग सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गरी सहयोग र सहजीकरण गरिनेछ।

### प्रधानमन्त्री रोजगार कार्यक्रम

२६१. रोजगार सेवा केन्द्रलाई रोजगार बैंकको रुपमा विकास गरिनेछ।भरतपुर महानगरपालिकामा सूची तयार गरी बेरोजगार व्यक्तिहरूलाई न्युनतम १०० दिनको रोजगारी प्रदान गरी सार्वजनिक पूर्वाधारको विकास निर्माण संगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ।

२६२. रोजगार सेवा केन्द्र मार्फत विभिन्न सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रका रोजगारदाताहरूसँग सूचना संकलन, आदान प्रदान, प्रशोधन तथा उपयोगमा साझेदारी गर्दै रोजगारी खोज्ने व्यक्ति र रोजगारदाताहरूबीच सम्पर्क स्थापित गराई श्रम बजारका अवसर उपयोग गर्ने वातावरण सिर्जना गरिनेछ।

२६३. वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरूलाई पूर्व प्रस्थान लगायतका अन्य वैदेशिक रोजगारसँग सम्बन्धित विषयको जानकारीमूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

## सुशासन प्रवर्द्धन र सार्वजनिक व्यवस्थापन

२६४. महानगरले अनलाइन सेवा प्रदान गरिरहेका राजस्व प्रणाली, भुक्तानी प्रणाली, नक्सा प्रणाली, गुनासो व्यवस्थापन, पञ्जीकरण, खरिद प्रणाली एवं डिजिटल योजना प्रणाली लगायत सार्वजनिक सेवा प्रवाह सम्बन्धी प्रणालीलाई सेवाग्राही मैत्री तथा प्रविधिमैत्री बनाउने नीति अंगिकार गर्दै थप स्तरोन्नति गरिनेछ।

२६५. महानगरपालिकामा सदाचारिता प्रवर्द्धन र गुणस्तरीय सेवा मार्फत् सुशासनको प्रत्याभूति गर्नका लागि नैतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ। कर्मचारी प्रशासनमा सदाचारयुक्त संस्कृतिको विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२६६. महानगरपालिकाबाट प्रवाह गरिने सेवाहरूको उत्पादन र वितरणमा जनताको संलग्नता प्रवर्द्धन गरी सेवा प्रवाहमा जनताको समान र सहज पहुँच सुनिश्चित गर्दै सेवाग्राही सन्तुष्टिमा अभिवृद्धि गरिनेछ ।

२६७. महानगरपालिका र मातहतका निकायहरूमा नागरिक बडापत्रहरूलाई समयानुकूल अद्यावधिक गरी सबैले देखिने गरी राखिनेछ र नागरिक बडापत्रको बारेमा जनतालाई सुसूचित गरिनेछ।

२६८. महानगरका वडाहरूलाई पूर्वाधारसम्पन्न बनाई सेवाग्राहीमैत्री बनाइनेछ। सेवा प्रकियामा सरलीकरण गरी सेवा प्रवाहमा निरन्तर सुधार गरिनेछ ।

२६९. जनप्रतिनिधि र कर्मचारीबीच व्यावसायिक सम्बन्धको विकास गरी समृद्ध र सुसंस्कृत महानगर निर्माण गर्न असल कार्य वातावरणको निर्माण गरिनेछ । जनप्रतिनिधि र कर्मचारीहरूको लागि आवश्यकता र औचित्यको आधारमा क्षमता विकास तथा पुनर्ताजगी तालिम, अध्ययन, अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

२७०. भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका निकायमा प्रविधि उपयोग र कर्मचारीको क्षमता विकास मार्फत उत्पादकत्व अभिवृद्धिमा जोड दिइनेछ । कर्मचारीहरूको नियमितता र सेवा प्रवाहको नियमित अनुगमन गरिनेछ ।

२७१. महानगरपालिकाको संस्थागत विकास सुदृढीकरणको लागि **सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey)** गरी समयसापेक्ष छरितो संगठन संरचना निर्माण गरिनेछ ।

२७२. कार्यालयमा करार सेवाका अस्थायी प्रकृतिका कार्य गर्ने जनशक्तिहरूको कार्य सम्पादन मूल्याङ्कनको कार्यविधि बनाई कमजोर कार्यसम्पादन भएका जनशक्तिको करार अन्त्य गरी आर्थिक बर्षको सुरूमा सेवा करारमार्फत सेवा लिने पद्धतिको विकास गर्दै कर्मचारी व्यवस्थापनमा नयाँ रक्त सञ्चारलाई समेत स्थान दिइनेछ ।

२७३. कर्मचारीमा रहेको ज्ञान, सिप, योग्यता र दक्षताको व्यवस्थापन गर्दै कर्मचारीहरूसँग कार्यसम्पादन करार गरी नतिजाका आधारमा उत्प्रेरणाका उपायहरू अवलम्बन गरिनेछ।

२७४. नगर प्रहरी, बारुणयन्त्र इकाइमा कार्यरत कर्मचारी, बिजुली मिस्त्री लगायतका जोखिमयुक्त कार्य गर्ने कर्मचारीको दुर्घटना बीमा एवम् सरसफाईमा कार्य गर्ने कर्मचारीका लागि स्वास्थ्य बीमा गरिनेछ ।

२७५. महानगरपालिकाको सार्वजनिक स्रोत–साधनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गर्न कार्यविधिहरूको निर्माण गर्नुका साथै आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

२७६. महानगरपालिकाको निर्णय प्रभावकारी कार्यान्वयन गर्न, मापदण्डहरूको कडाइसाथ लागु गर्न, बजार व्यवस्थित गर्न, पार्किङ व्यवस्थापन लगायतका कार्य गर्न नगर प्रहरी परिचालन गरिनेछ । नगर प्रहरीको लागि ब्यारेक निर्माण, नगर प्रहरी सञ्चालन सम्बन्धी नियमावली तर्जुमा गरी स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको आधारमा आवश्यक नगर प्रहरी पदपूर्ति गरिनेछ ।

२७७. **सन्निकटताको सिद्धान्त** बमोजिम भरतपुर महानगरपालिकाको सेवा प्रवाहलाई अझ प्रभावकारी र व्यवस्थित बनाउन वडा कार्यालयहरूमा क्रमश: अधिकार प्रत्यायोजन गर्दै लगिनेछ। चालु आ.व. मा वडास्तरीय योजना तथा कार्यक्रमको भुक्तानी सेवा केन्द्र(वडा कार्यालय) बाट पेस भएको भुक्तानी आदेशबमोजिम भुक्तानी हुँदै आएकोमा आगामी आ.व. मा भुक्तानी सेवा केन्द्र(वडा कार्यालय) बाट नै भुक्तानी फरफराक हुने व्यवस्था मिलाइनेछ ।

२७८. भरतपुर महानगरपालिकामा चालु आ.व. मा सुरु भएको राष्ट्रिय परिचयपत्र विवरण दर्ता कार्यलाई व्यवस्थित गरिनेछ।

२७९. स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आर्थिक सुरक्षाका लागि कर्मचारीको पनि योगदान रहने गरी कर्मचारी कल्याण कोषको व्यवस्थालाई निरन्तरता दिइनेछ।

२८०. आर्थिक वर्ष २०८०/८१ देखि लागु हुने गरी यस नगरपालिकाको कार्यालय वा अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरूलाई एघारौं नगरसभाबाट निर्णय भएको स्थानीय भत्ताको व्यवस्थालाई निरन्तरता दिइएको छ।

## आन्तरिक व्यवस्थापन तथा खरिद

२८१. महानगरपालिकाको जिन्सी व्यवस्थापनलाई प्रविधिमैत्री एवं व्यवस्थित बनाउन **सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS)** लाई वडा कार्यालयहरूमा समेत विस्तार गरिनेछ। जिन्सी प्रणाली सुधारमा भएका कार्यहरूलाई निरन्तरता दिइनेछ ।

२८२. वार्षिक खरिद योजना तयार गरी लागु गरिनेछ । खरिद सम्बन्धी क्षमता विकासका कार्यक्रम तथा तालिमहरूको व्यवस्था गरिनेछ ।

२८३. खरिद एकाइको दक्षता र क्षमताको विकास गरी खरिद कार्यलाई छिटो छरितो र प्रभावकारी बनाइनेछ ।

## भूमि व्यवस्था, भू-उपयोग तथा बस्ती विकास

२८४. भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ अनुसार भू-उपयोग क्षेत्र वर्गीकरण गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा अद्यावधिक गरी वैज्ञानिक कर प्रणाली लागु गरिने छ । जथाभावी जमिन खण्डीकरण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।अव्यवस्थित बसोबासलाई नियन्त्रण गर्न भूउपयोग नीति तथा मापदण्ड तयार पारी GIS मा आधारित वडागत बेस म्याप (Base Map) तयार गरिनेछ।

२८५. सार्वजनिक जग्गाहरूको पहिचान, संरक्षण र लगत तयार गरिनेछ। **नारायणी नदी किनार, राप्ती नदी किनार, पुंगीखोला र केरुङ्गा खोला लगायत नदी तटीय क्षेत्र**को सिमाङ्कन र संरक्षण गर्नुका साथै महानगरपालिकाको क्षेत्रभित्रका सार्वजनिक जग्गाको पुन:नापी कार्य गरिनेछ।

## राजस्व प्रशासन

२८६. कर प्रशासनलाई पारदर्शी बनाउन सूचना प्रविधिको प्रयोगलाई बढाउँदै छिटो, सरल र सेवाग्राहीमैत्री बनाई अधिकतम कर संकलन हुने वातावरण सिर्जना गरिनेछ ।साथै कर सूचना प्रणालीलाई भू-सूचना प्रणाली (GIS Based System) मा आबद्ध गरी कर नक्सांकन (ट्याक्स म्यापिङ) गरिनेछ। भरतपुर महानगरपालिका क्षेत्र भित्रका सबै करदाताको एकीकृत तथ्याङ्क संकलन गरी डाटा बैंक तयार गरिनेछ।

२८७. महानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण करदातालाई कर शिक्षा प्रदान गरी करको दायरामा ल्याउने उद्देश्य अनुरुप **"हाम्रो लागि हाम्रै प्रयास, कर अभियान मार्फत समृद्धि र विकास"** मूल नारासहित निजी क्षेत्र, सामुदायिक संस्था, वडा र टोल विकास संस्थालाई जिम्मेवार बनाई परिचालन गरिनेछ ।

२८८. घर बहालकरलाई समय सापेक्ष सुधार गर्न बैक तथा वित्तीय संस्था, सरकारी निकाय, निजी क्षेत्र र अन्य संस्थाहरूको घर बहालकरलाई आधार मानी पुनर्मूल्याङ्कन गरिनेछ ।घरजग्गा बहाल करलाई प्रभावकारी बनाउन कार्यविधि तयार गरी सम्बन्धित वडा कार्यालयमा अनिवार्य रुपमा घरबहाल सम्झौता अभिलेखाङ्कन गराउने नीति अवलम्बन गर्दै घरजग्गा बहाल करलाई पूर्णरुपमा करको दायरामा ल्याई कर अभिवृद्धि गर्न टोलविकास संस्थाहरूलाई आवश्यक जिम्मेवारी दिई सो जिम्मेवारीबाट प्राप्त घर जग्गा बहाल करको हकमा व्यवसाय प्रयोजनको घरजग्गा बहालको एक प्रतिशत र अन्य प्रयोजनको घरजग्गा बहालको तीन प्रतिशत रकम सम्बन्धित टोल विकास संस्थाको विकास, सशक्तीकरण तथा आय आर्जन लगायतका कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाइनेछ। महानगरपालिकालाई

तिर्नुपर्ने घरजग्गा बहाल कर लगायत सबै प्रकारका दायित्वको फरफराक नगरी कुनै पनि प्रकारका सार्वजनिक सेवा प्रदान गरिनेछैन।

२८९. स्थानीय कर तथा गैर कर राजस्वको प्रभावकारी अनुगमनका लागि क्षेत्रगत रुपमा कार्य जिम्मेवारी सहितको कार्यदल गठन गरी परिचालन गरिनेछ । ठूला करदाता सम्बन्धी राजस्व प्रशासनलाई चुस्त, दुरुस्त र शीघ्र तथा प्रभावकारी बनाउन **ठूला करदाता एकाइ** सञ्चालनमा ल्याइनेछ ।

२९०. महानगरपालिकाभित्र विकास निर्माणका कार्यमा आवश्यक निर्माण सामाग्रीको उपलब्धता सुनिश्चित गर्नुको साथै आन्तरिक श्रोतमा बढोत्तरी गर्न नदीजन्य पदार्थको वातावरणीय प्रभाव मूल्याङ्कन गरी ठेक्का प्रणाली मार्फत् व्यवस्थित

२९१. केन्द्रीय बस टर्मिनल र नारायण गढ बसपार्कको पूर्वाधारमा सुधार गर्दै ठेक्का व्यवस्थापन गरिनेछ। नारायणी किनार क्षेत्रमा हुने आर्थिक गतिविधिको मूल्याङ्कन गरी उचित सेवा खरिद प्रक्रियामा लगिनेछ।कवाडीकरलाई करको दायरामा ल्याई ठेक्का व्यवस्थापन गरिनेछ।

२९२. आन्तरिक श्रोत बढाई आत्मनिर्भर महानगरपालिका बनाउने ध्येयका साथ करका दायरा विस्तार गर्न आवश्यक अध्ययन, अनुसन्धानका कार्य थालनी गरिनेछ।करका क्षेत्रहरूको पहिचान गरी संकलन गर्ने कार्यमा जनप्रतिनिधि, कर्मचारी, टोल, समुदाय परिचालन गर्ने नीति अख्तियार गरिनेछ।

२९३. महानगरपालिका र अर्न्तगतका वडा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा कर चुक्ता प्रमाण पत्रलाई अनिवार्य-शर्तका रुपमा लिइनेछ। नक्सापास नभएका संरचनाहरूलाई समेत मूल्याङ्कन गरी करको दायरामा ल्याइनेछ।

२९४. महानगरपालिकाको आन्तरिक स्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, राजस्व चुहावट न्यूनीकरण, सम्पत्ति कर र मालपोत करको अभिलेख अद्यावधिक गर्नुका साथै अनिवार्य रुपमा घरनक्सा पास गर्न सरोकारवाला निकायसँग समन्वय गरी करको दायरा विस्तार गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२९५. **अम्ब्रेला स्ट्रिट**को प्रवर्धन र **नारायणी नदी किनारलाई सी बिच मोडल (Sea Beach Model)** मा विकास गरी महानगरपालिकाको आन्तरिक आयमा वृद्धि गरिने छ। सार्वजनिक निजी साझेदारी प्रणाली मार्फत वडा.नं 12 को रामबेल सामुदायिक वन अर्न्तगत **राइनो ताल**, वडा नं. 11 को नवजागृति सामुदायिक वन अर्न्तगतको **टाइगर ताल**, वडा.नं 13 को बाटुली मध्यक्षेत्र सामुदायिक वन उपभोक्ता समिति अर्न्तगतको **बाटुली पोखरी**, वडा.नं 16 को ज्ञानेश्वर सामुदायिक वनमा **खुल्ला चिडियाखाना (OPEN ZOO)** निर्माण गरी पर्यापर्यटकीय गतिविधि वृद्धि गर्दै पर्यटकीय गन्तव्यको रुपमा विकास गरी राजस्व अभिवृद्धि तथा स्थानीय बजारको प्रवर्धन गरिने छ।

२९६. करको दर निर्धारण पद्धति तथा असुलीमा नीतिगत स्पष्टता कायम गरिनेछ। राजस्व सम्बन्धी सम्पूर्ण सेवा प्रवाहलाई अटोमेसनमा लगिनेछ । समयमा कर दाखिला गर्ने असल करदाताको पहिचानको लागि स्टिकर प्रदान गर्ने गरी करदातामैत्री नीति अवलम्बन गरिनेछ।

२९७. महानगरको स्थानीय पाठ्यक्रममा करदाता शिक्षालाई समावेश गरी करको उपयोग, आवश्यकता र जवाफदेहिता सम्बन्धी शिक्षा विद्यालय तहदेखि नै प्रबोधिकरण तथा सुसूचित गर्ने नीति अवलम्बन गरिनेछ ।

२९८. महानगरपालिका क्षेत्रमा सञ्चालित सार्वजनिक यातायातलाई सूचीकृत गर्न सरोकारवाला निकायसँग समन्वय गरी नियमानुसार करको दायरामा ल्याउने नीति अवलम्बन गरिनेछ।

२९९. प्रचलित कानुन वमोजिम हुनेगरी सम्पत्ति कर, मालपोत तथा भुमिकर प्रयोजनका लागि तय गरिएको जग्गाको मूल्य र मालपोत कार्यालयबाट कायम हुने मूल्याङ्कन/मूल्यमा एकरुपता

कायम गरिनेछ ।साथै मालपोतमा रहेको जग्गाधनीहरूको अद्यावधिक विवरण कर असुली तथा कर व्यवस्थापन प्रयोजनको लागि प्राप्त गर्न सकिने व्यवस्था मिलाइनेछ ।

३००. आगामी आर्थिक वर्ष 2080/81 को पौष मसान्त भित्र सम्पत्ति कर, भूमिकर र व्यवसाय कर तिर्ने करदातालाई 10 प्रतिशत छुट दिइने नीतिलाई निरन्तरता दिइनेछ ।साथै अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका तर महानगरपालिकामा दर्ताहुन छुटेका उद्योग तथा व्यवसायहरु चालू आ.व. 080/81 को चैत्र मसान्त भित्र व्यवसाय दर्ता गर्दा आर्थिक बर्ष 077/०78 भन्दा अगाडिको करमा शत प्रतिशत छुट दिइनेछ ।आर्थिक वर्ष 074/75 भन्दा अगाडि महानगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका तर नियमितरुपमा नवीकरण नगरेका उद्योग, व्यवसायको हकमा आ.व. ०७४/०७५ देखि बक्यौता रकम असुल गर्दा एकमुष्ठ बक्यौता रकमको एक प्रतिशत जरिवाना रकम समेत असुलउपर गरिनेछ।

३०१. महानगरपालिका अन्तर्गत स्वच्छ एवं स्वास्थ्कर वातावरणमा माछा, मासु विक्री वितरणका लागि **एक वडा एक मीट मार्ट**को व्यवस्था गरिनेछ। आगामी आ.व. ०८०/०८१ मा वडा नं २ अन्तर्गत रहेको महानगरपालिकाबाट सञ्चालित बालकुमारी तरकारी मण्डीलाई मीटमार्टको रुपमा विकास गरी व्यवस्थित रुपमा सञ्चालनमा ल्याइनेछ।

३०२. राजस्व प्रशासन अर्न्तगत कार्यरत कर्मचारीहरूका लागि क्षमता विकासका कार्यक्रमका सञ्चालन गरिनेछ। आन्तरिक राजस्व वृद्धिमा उल्लेख्य योगदान गर्ने कर्मचारी र करदातालाई सम्मान र पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

## आर्थिक प्रशासन

३०३. महानगरपालिकाबाट हुने भुक्तानी प्रकृयालाई सरल बनाउन आगामी आर्थिक वर्षबाट विद्युतीय भुक्तानी माध्यमलाई पूर्ण कार्यान्वयनमा ल्याइनेछ।वडास्तरीय योजनाको भुक्तानी तथा फरफारक प्रकृयालाई चुस्त बनाउन भुक्तानी सेवा केन्द्रको क्षमता विकास गरिनेछ।

३०४. आर्थिक अनुशासन कायम गर्न विगत आ.व. हरूमा अन्तिम लेखापरीक्षणबाट औँल्याइएको महानगरपालिकाको बेरुजुलाई फर्छौट गर्न **बेरुजु फर्छौट सेल** स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ।

३०५. आर्थिक प्रशासनबाट प्रवाह हुने सेवालाई गुनासो रहित बनाउन उपभोक्ता समिति र निर्माण व्यवसायीहरूलाई भुक्तानी तथा फरफारक सम्बन्धी र आर्थिक प्रशासनमा कार्यरत कर्मचारीहरूलाई सार्वजनिक खरिद, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, करकट्टी लगायत समय अनुकुल तालिम सञ्चालन गरी क्षमता विकास गरिनेछ।

# योजना, अनुगमन तथा सूचना प्रविधि र संस्थागत विकास

## योजना तथा बजेट

३०६. महानगरको योजना प्रणालीलाई जनसहभागितामूलक, पारदर्शी बनाउँदै तथ्य र तथ्याङ्कमा आधारित योजना छनौट प्रणालीको विकास गरिनेछ ।

३०७. महानगरपालिकाको विकास र समृद्धिका लागि विभिन्न विधाका राष्ट्रिय, अन्तर्राष्ट्रिय र स्थानीय विज्ञहरूको रोस्टर तयारी गरी छलफल र सुझाव लिएर अघि बढ्ने कार्यलाई अझै प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

३०८. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, 2077 लाई पूर्ण रुपमा कार्यान्वयन गरी संस्थागत रुपान्तरण गरिनेछ ।आगामी वर्ष लिसा सूचकांकमा ९० प्रतिशत अंक हासिल गर्ने गरी कार्यसम्पादन अगाडि बढाइनेछ ।

३०९. आवधिक योजना 20८०/8१-208४/08५, मध्यमकालिन खर्च संरचना तथा परियोजना बैंक निर्माण गरी कार्यान्वयमा ल्याईनेछ ।

३१०. भरतपुर महानगरपालिका अन्तर्गत संचालन हुने विभिन्न कार्यक्रम तथा आयोजना, परियोजनाहरू प्रभावकारी रुपले नियमित अनुगमन र मूल्यांकन गरिनेछ।महानगरपालिकाको अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण सम्बन्धि कार्यविधि, 2080 तर्जुमा गरी लागू गरिनेछ ।आयोजना, परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कनमा नवीनतम प्रविधि, अध्ययन अनुसन्धान गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

३११. योजना छनौट तथा बजेट निर्माणमा नागरिक सहभागिता अभिवृध्दि गर्न बजेट तर्जुमा सम्बन्धी निर्देशिका बनाई कार्यान्वयन गरिनेछ।

३१२. बजेट प्रणालीको संस्थागत विकास गरी बजेट कार्यान्वयनलाई सूचकका आधारमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धतिको विकास गरिनेछ।

३१३. दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी महानगरपालिकाको योजना, बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिनेछ ।

३१४. संघ र प्रदेशबाट प्राप्त हुने निर्वाचन क्षेत्र विशेष कार्यक्रमहरू समन्यायिक विकासको सिद्धान्त बमोजिम महानगरको समन्वय र सहकार्यमा महानगरको आवधिक योजना, नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्य र प्राथमिकताका आधारमा छनौट भएका योजनाहरू मात्र कार्यान्वयन गरिनेछ।

## सूचना तथा संचार प्रविधि

३१५. केन्द्रीकृत सूचना प्रणालीको माध्यमबाट महानगरपालिकाको सेवा प्रवाह अझै प्रभावकारी बनाइनेछ ।महानगरको वेवसाइटको अद्यावधिक गर्दै सेवाग्राही मैत्री बनाइनेछ। महानगरका गतिविधिहरूलाई सार्वजनिक गर्न **विद्युतीय न्युज पोर्टल**लाई प्रयोगमा ल्याइनेछ।

३१६. महानगरपालिकाको सेवा प्रवाह र विकास निर्माण कार्यमा सुशासन, सदाचार, पारदर्शिता र जवाफदेहिताका साथै नागरिकको सूचनाको हकको प्रत्याभूतिका लागि आधुनिक प्रविधिको प्रयोगमार्फत् विश्वसनीय सूचना प्रवाह गर्न महानगरपालिकामा सूचना प्रविधि एकाइ (IT Cell) स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

३१७. स्थानीय प्रशासनको समन्वयमा महानगरपालिकाका २९ वटै वडाका मुख्य स्थानहरूमा सिसिटिभी नेटवर्किङ गरी अपराध नियन्त्रणका साथै सडक तथा सार्वजनिक सुरक्षालाई चुस्त दुरुस्त बनाइनेछ।

३१८. विकास, सेवा र करमा सुधारका लागि **"डिजिटल र स्मार्ट भरतपुर"** कार्यक्रम अन्तर्गत महानगरपालिकाको सेवा प्रवाह, राजस्व प्रणाली, सुशासन, आन्तरिक नियन्त्रण प्रणालीलाई सबल, सक्षम, सुदृढ, पारदर्शी र जवाफदेही बनाउन जी.आइ.एस.(GIS) मा आधारित डिजिटल प्रोफाइल एवम् मेट्रिक प्रणाली तयार गरी घर नम्बर प्लेट जडान गरिनेछ ।सूचना, मनोरन्जन र डिजिटल सेवा लिन सहज हुने गरी केन्द्रीय बस टर्मिनल, नारायणगढ बसपार्क, नारायणी नदी किनार र अन्य सार्वजनिक पार्कहरूमा वाइफाइ फ्री (Wi-Fi Free) क्षेत्र कार्यान्वयनमा ल्याइनेछ ।

३१९. जनताको सुसूचित हुने अधिकारको प्रत्याभूतिका लागि सञ्चार क्षेत्रको महत्त्वपूर्ण भूमिका रहने भएको हुँदा नेपाल पत्रकार महासंघ चितवन लगायत सञ्चार सम्बद्ध संघ संस्थाको क्षमता विस्तार र सशक्तीकरणका लागि साझेदारी गरिनेछ ।

३२०. स्थानीय सञ्चार माध्यमहरूको विकास, प्रवर्द्धन र प्रतिस्पर्धी बनाउन आवश्यक सहयोग गरिनेछ। पत्रकार, सञ्चारकर्मी, अध्ययन तथा अनुसन्धानकर्मीहरूलाई भरतपुर महानगरपालिकाको विकास, सुशासन, सेवा प्रवाह लगायतका विषयमा खोज, अध्ययन तथा लेखनका लागि लेखनवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ। लोक कल्याणकारी विज्ञापनलाई व्यवस्थित गरिनेछ।

## अन्तर्राष्ट्रिय सम्बन्ध तथा शिष्टाचार

३२१. अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्दै सहरी पूर्वाधार, कृषि र पर्यटनको विकास र सेवा प्रवाहका सम्बन्धमा आपसी अनुभव तथा प्रविधि हस्तान्तरण आदान प्रदान गर्न मित्र राष्ट्रहरूका शहरहरूसँग भगिनी सम्बन्ध कायम गरिनेछ ।

३२२. भगिनी सम्बन्ध कायम भएका स्थानीय तहसँग समन्वय र सहकार्य गर्दै आर्थिक, सामाजिक तथा साँस्कृतिक सम्बन्ध विस्तार गरिनेछ। भगिनी सम्बन्ध कायम भएको कुनै एक स्थानीय तहको आयोजना तथा कार्यक्रम कार्यान्वियन गर्न साझेदारी गर्ने कार्य प्रारम्भ गरिनेछ ।

## न्यायिक समिति

३२३. भरतपुर महानगरपालिकाको न्यायिक समितिलाई पूर्वाधार सम्पन्न बनाई दक्ष जनशक्तिको व्यवस्था गरी छिटो छरितो न्याय सम्पादन गर्ने र मेलमिलापबाट विवाद समाधान गर्दै स्थानीय जनतालाई न्यायमा सहज पहुँच पुऱ्याउने नीति अवलम्बन गरिनेछ।

## उपभोक्ता हित संरक्षण

३२४. उपभोक्ता हित संरक्षण र प्रवर्द्धनको लागि नियमित रुपमा बजार अनुगमन गरिनेछ । बजार अनुगमनका क्रममा फेला परेका गुणस्तरहीन खाद्य पदार्थ परीक्षणका लागि **खाद्य परीक्षण प्रयोगशाला** स्थापना गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्यका लागि आवश्यक पहल गरिनेछ ।

३२५. हाल महानगरपालिकाबाट भइरहेको बजार अनुगमनलाई अझै प्रभावकारी बनाउन बिज्ञ सहितको अनुगमन समिति गठन गरी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सेवा केन्द्र

३२६. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका लागि जग्गा उपलब्ध गराउन जग्गा नापजाँच तथा पुर्जा वितरणको बाँकी कार्यलाई यस वर्ष सम्पन्न गरिनेछ ।

नगरसभाका सदस्यज्यूहरू,

अन्त्यमा, महानगरको विकास, समृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष/अप्रत्यक्ष रुपले सघाउ पुऱ्याउनुहुने नगरसभाका सदस्यज्यूहरू, नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, प्राध्यापक, बुद्धिजीवी, निजी तथा गैरसरकारी क्षेत्र, नागरिक समाज, सञ्चारमाध्यम, पत्रकार जगत, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण महानगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद !**

रेनु दाहाल
नगर प्रमुख

१० आषाण २०८०